

# कर्णाली प्रदेशका वादी समुदायको विकास र उत्थानका लागि प्रतिवेदन पेस गर्न गठित कार्यदलको प्रतिवेदन, २०७९

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेशका वादी समुदायको विकास र उत्थानका लागि
प्रतिवेदन पेस गर्न गठित कार्यदलको प्रतिवेदन, २०७९

प्रकाशकः
कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

प्रथम संस्करणः ५०० प्रति
लेआउट/मुद्रणः **TheSquare**, www.thesquare.com.np

# कर्णाली प्रदेशका वादी समुदायको विकास र उत्थानका लागि प्रतिवेदन पेस गर्न गठित कार्यदलको प्रतिवेदन, २०७९

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश सरकार,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत



# मन्तव्य

कर्णाली प्रदेश भित्र रहेका वादी समुदायको दीर्घकालीन उत्थान र विकासको लागि गर्न सकिने क्रियाकलाप सहित सिफारिस गर्न गठित कार्यदलले कर्णाली प्रदेश भित्रका विभिन्न जिल्लाहरूमा स्थलगत अध्ययन र अन्तरक्रिया गरी प्राप्त सुझावहरू समावेश गरी प्रतिवेदन तयार गरेकोमा खुसी लागेको छ।

यस कार्यदलको प्रतिवेदनले सिफारिस गरेका बुदाँहरूलाई प्रदेशका सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लगायत अन्य मन्त्रालय, स्थानीय तह र गैरसरकारी सङ्घ संस्थाहरुले आ-आफ्नो निकाय अन्तर्गत सञ्चालित कार्यक्रम तथा आयोजनाहरूमा समावेश गरी पिछडिएको, लामो समयदेखी उत्पीडनमा परेका र जीविकोपार्जनको दिगो र भरपर्दो स्रोत नभएको वादी समुदायको उत्थान र विकासमा क्रियाशील भई जनजीविकाको स्तरमा सुधार ल्याउने कार्यमा सहयोग सिद्ध हुने भन्ने विश्वास लिएको छु। साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु।

**डा. गोपीकृष्ण खनाल**
प्रमुख सचिव
२४ कार्तिक, २०७९

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत



# मन्तब्य

कर्णाली प्रदेशमा वादी समुदायले आवास सहितको खेतीयोग्य जमिन, रोजगारको सुनिश्चितता लगायतका मागहरू राख्दै वादी सङ्घर्ष समितिको अगुवाईमा वि.सं. २०७७ फागुन ९ देखि २६ गते सम्म आन्दोलन गरेका थिए। उक्त आन्दोलन पश्चात कर्णाली प्रदेश सरकार र वादी सङ्घर्ष समितिबिच मिति २०७७ फागुन २७ गते ५ बुँदे सम्झौता भएको थियो। कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९ असार १५ गते भएको निर्णयानुसार वादी समुदायको हालको अवस्था एकिन गरी उनीहरूको उत्थान र विकासका लागि सञ्चालन गर्न सकिने कार्यक्रमको सिफारिस सहितको प्रतिवेदन पेस गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार महाशाखाको सचिवको संयोजकत्वमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयको प्रतिनिधिहरूका साथै वादी समुदायका एकजना महिला सहित दुईजना प्रतिनिधिहरू समेत सम्मिलित पाँच सदस्यीय एक कार्यदल गठन भएको थियो। कार्यदल गठन भए संगै तदारुकताका साथ कार्यदलले आफ्नो कार्य सुरुवात गर्दै प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेश गरेको छ।

वादी समुदाय सीमान्त अवस्थामा रहेको देखिन्छ। कार्यदलले बिभिन्न प्रकारका कठिनाई र सीमितताका बाबजुद कर्णाली प्रदेश भित्रका विभिन्न जिल्लाहरूमा स्थलगत अध्ययन र अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत बिश्लेषण गरी प्रतिवेदन तयारी गरेकोमा खुसी लागेको छ। प्रतिवेदनले सिफारिस गरेका बिषयहरूलाई प्रदेशका सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लगायत सबै सरोकार राख्ने मन्त्रालय, स्थानीय तह र नेपाल सरकार एवम् गैरसरकारी सङ्घसंस्थाहरुले आफूसँग सम्बन्धित विषयमा संवेदनशील भई आफ्नो निकाय अन्तर्गत नीति, योजना, आयोजना तथा कार्यक्रममा समावेश गरी पिछडिएको, लामो समयदेखी उत्पीडनमा परेका तथा जीविकोपार्जनको दिगो र भरपर्दो स्रोत नभएको वादी समुदायको उत्थान र विकासमा क्रियाशील भई जनजीविकाको स्तरमा सुधार ल्याउने कार्यमा सहयोग प्राप्त हुने विश्वास लिएको छु। साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न विकास साझेदारहरु संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) द्वारा कार्यान्वित युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना (European Union Support to Inclusive Federalism), लुथरन नेपाल र प्रदेश मन्त्रालय अन्तर्गत एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत कर्मचारी लगायत प्रत्यक्ष अप्रत्यक्ष संलग्न र सहभागी हुनु हुने सबैलाई धन्यवाद दिन चाहन्छु।

**आनन्द सारु**
सचिव
२४ पौष, २०७९

# विषयसूची


**कार्यकारी सारांश**

**परिच्छेद: एक**

**परिचय** ५

१.१ पृष्ठभूमि ५

१.२ कार्यदलको गठन ५

१.३ उद्देश्य ६

१.४ कार्यक्षेत्र ७

१.५ अध्ययन विधि ७

१.६ अध्ययन सीमा ७

१.७ प्रतिवेदन तयारीमा सहकार्य ८

**परिच्छेद: दुई** ८

**वादी समुदायको वर्तमान अवस्था विश्लेषण**

२.१ वादी समुदायको परिचय ८

२.२ वादी समुदायको वर्तमान अवस्था ८

२.३ नीतिगत, कानूनी र संस्थागत प्रयास १२

**परिच्छेद: तीन** १६

**सुझाव तथा सिफारिस र निश्कर्ष**

३.१ समुदायको मागको रूपमा रहेका विषयहरू १६

३.२ सुझाव तथा सिफारिस १६

३.३ निष्कर्ष २३

**अनुसूचीहरु:**

**कर्णाली प्रदेश सरकारको निर्णय र कार्यादेश**

**कार्यदल पदाधिकारीहरूको विवरण**

**बैंठक उपस्थिति तथा निर्णयहरू**

**प्रश्नावली नमुना फारामहरू**

**प्राप्त सुझाव दस्तावेजहरू**

**सन्दर्भ सामग्रीहरू** ३९

# कार्यकारी सारांश

आन्दोलनरत वादी समुदाय र कर्णाली प्रदेश सरकार बिच मिति २०७७ फागुन २७ गते सम्झौता भएको थियो । उक्त सम्झौता अनुसार वादी समुदायको उत्थान र विकासको लागि उपयुक्त सुझावहरू सहितको प्रतिवेदन तयार गरी पेस गर्न मिति २०७९ असार १५ गते कार्यदल गठन भयो । कार्यदलले तत्काल बैठक बसी प्रतिवेदन तयारीको लागि अध्ययन विधि तथा आवश्यक कार्ययोजना बनाइ आफ्नो काम अगाडि बढायो । कार्यदलसँग यो प्रतिवेदन तयारीको लागि बजेट, बिशेषज्ञ जनशक्ति आदिको स्पष्ट व्यवस्था थिएन । कार्यदलका पदाधिकारीहरू प्रदेशका निकायहरूमा महत्वपूर्ण जिम्मेवारीमा रहेको अवस्थामा यो प्रतिवेदन तयारीको थप जिम्मेवारी प्राप्त भएको थियो । नियमित काम र प्रतिवेदन तयारीको कार्य बिच संतुलन कायम गर्ने, श्रोतसाधन एवं विशेषज्ञ जनशक्ति जुटाउनु र प्रतिवेदनलाई वस्तुनिष्ठ बनाउन कार्यदलका लागि चुनौतिपूर्ण थियो । कार्यदलको बैठकबाट सीमान्तकृत समुदायको लागि काम गर्ने विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गरी आवश्यक श्रोत तथा जनशक्ति जुटाउने निर्णय भयो । सोही अनुरूप कर्णाली प्रदेशमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) द्वारा कार्यान्वित युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना (European Union Support to Inclusive Federalism) बाट समुदायसम्म गई सहभागितामूलक रूपमा अध्ययन गर्न प्राविधिक सहयोग प्राप्त भयो भने लुथरन नेपालबाट समेत प्रतिवेदन तयारीको लागि सन्दर्भसामग्री तथा प्रकाशन अध्ययन, विश्लेषणमा सहयोग गर्ने जनशक्ति समेत प्राप्त भयो । कार्यदलले लक्षित समूह छलफल तथा अन्तर्वार्ता लगायतका विधि अवलम्बन गर्दै सम्बन्धित समुदायमा गई अध्ययन गर्ने काम सम्पन्न गरेको थियो । कार्यदलमा वादी समुदायबाट नै एक पुरुष र एक महिला सदस्य रहेका कारण उहाँहरूको सहभागिताले अध्ययन कार्यमा महत्वपूर्ण सहयोग प्राप्त भयो । अध्ययनको क्रममा वादी समुदायको घर आँगनमा नै कार्यदलका सबै सदस्यहरू अध्ययन गर्न सहभागी भएका कारण प्रस्तुत प्रतिवेदन बढी प्रभावकारी र यथार्थपरक भएकोमा कार्यदल विश्वस्त रहेको छ । वादी समुदायको वर्तमान अवस्थाको अध्ययन गरी विभिन्न क्षेत्रगत विषयहरूमा सुक्ष्म र गहन रूपमा गरिएको विश्लेषण पश्चात प्रतिवेदन तयारी एवं सुझाव सिफारिस गर्ने कार्य भएको छ । प्रतिवेदनले वादी समुदायको उत्थान र विकासको कार्य दिगो र आत्मनिर्भर रूपमा सञ्चालन गर्नु पर्ने विषयमा जोड दिएको छ । कमजोर तथा सीमान्तकृत समुदाय माथि उठ्नको लागि उनीहरूको सशक्तीकरण अपरिहार्य हुन्छ । तसर्थ प्रतिवेदनमा आत्मनिर्भरता, अपनत्व तथा स्वामित्व र दिगोपनाको लागि सचेतना र सशक्तीकरणलाई अधिक प्राथमिकता दिइएको छ । वादी समुदायको उत्थान र विकासका लागि यो प्रतिवेदनका विषयहरू महत्वपूर्ण हुनेमा कार्यदल विश्वस्त रहेको छ ।

## कार्यदल

**श्री आनन्द सारु,**
कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार महाशाखा
संयोजक

**श्री राजु भुज,**
कृषि अर्थविज्ञ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सदस्य

**श्री हिक्मत वादी,**
अध्यक्ष, वादी सरोकार मञ्च नेपाल
सदस्य

**श्री सुनिता वादी,**
प्रतिनिधि, वादी सरोकार मञ्च नेपाल
सदस्य

**श्री सुनिता के.सी,**
महिला विकास अधिकृत, सामाजिक विकास मन्त्रालय
सदस्य-सचिव

## अध्ययन कार्यमा संलग्न कर्मचारी/जनशक्तिको विवरण

**श्री सरस्वती सापकोटा,**
शाखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**श्री टेक बहादुर वली,**
शाखा अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**श्री अर्जुन पौडेल,**
अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार तथा समन्वय महाशाखा

**श्री देवी सुवेदी,**
अधिकृत, सामाजिक विकास मन्त्रालय

०१

# परिचय

## १.१ पृष्ठभूमि

कर्णाली प्रदेशमा वादी समुदायको हक अधिकार प्राप्तिका लागि वादी सङ्घर्ष समितिले वि.सं. २०७७ फागुन ९ देखि २६ गते सम्म आवास सहितको खेतीयोग्य जमिन, रोजगारीको सुनिश्चितता लगायतका मागहरू राख्दै आन्दोलन गरेका थिए। उक्त आन्दोलन पश्चात कर्णाली प्रदेश सरकार र वादी सङ्घर्ष समिति बिच मिति २०७७ फागुन २७ गते ५ बुँदे सम्झौता भएको थियो। कर्णाली प्रदेश सरकारका तर्फबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिव डा. राजेन्द्र मिश्र र वादी सङ्घर्ष समिति कर्णाली प्रदेश संयोजक हिक्मत वादीले उक्त सम्झौतामा हस्ताक्षर गरेका थिए। सम्झौतामा आवास तथा खेतियोग्य जग्गा व्यवस्थापनका लागि सङ्घीय सरकार तथा स्थानीय पालिकासँग समन्वय गर्ने, प्रदेश सरकारको लक्षित कार्यक्रमबाट रोजगारी सिर्जनाका क्रियाकलाप सञ्चालन गर्ने, सिपमूलक तालिम सञ्चालन गर्ने, व्यवसाय गर्न चाहने व्यक्तिहरूका लागि ब्याज अनुदानमा सहुलियत ऋण उपलब्ध गराउने लगायत कर्णाली प्रदेशमा रहेका वादी समुदायको उत्थान र विकासका लागि यथार्थपरक प्रतिवेदन पेश गर्न प्रदेश सरकारले एक कार्यदल गठन गर्ने सहमति भएको थियो।

यसै सन्दर्भमा कर्णाली प्रदेश सरकार र वादी सङ्घर्ष समिति बिच मिति २०७७ फागुन २७ गते भएको सम्झौता कार्यान्वयनको लागि कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७९ असार १५ गतेको निर्णयानुसार वादी समुदायको हालको अवस्था एकिन गरी उनीहरूको उत्थान र विकासका लागि आगामी दिनमा सञ्चालन गर्न सकिने कार्यक्रमको सिफारिस सहितको प्रतिवेदन पेस गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार महाशाखाका सचिवको संयोजकत्वमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयको प्रतिनिधिहरूका साथै वादी समुदायका एकजना महिलासहित दुईजना प्रतिनिधिहरू समेत सम्मिलित पाँच सदस्यीय कार्यदल गठन गरिएको थियो। यस कार्यदलले वादी समुदायका मागहरू र उनीहरूको यथार्थ अवस्था अध्ययन गरी तिनलाई कर्णाली प्रदेश सरकारबाट के कसरी सम्बोधन गर्न सकिन्छ भन्ने सम्बन्धमा वादी समुदायसंग स्थलगत रूपमा अन्तरक्रिया, लक्षित समूह छलफल तथा व्यक्तिगत अन्तरर्वाता सञ्चालन गरी सुझाव सङ्कलन गरेको थियो। प्राप्त सुझावहरूको विश्लेषणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ कार्यदलको गठन

कर्णाली प्रदेश सरकार र वादी सङ्घर्ष समिति बिच मिति २०७७ फागुन २७ गते ५ बुँदामा आधारित भई सम्झौता भएको थियो। उक्त सम्झौताको बुँदा नं. २ मा कर्णाली प्रदेशमा रहेका वादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन पेश गर्ने विषय उल्लेख थियो। सम्झौताको उक्त बुँदा वादी समुदायको विकास, उत्थानको लागि निकै महत्वपूर्ण आधार हो।

जनता र सरकार बिचको आपसी विश्वासलाई बलियो बनाउन सरकारले गरेका सम्झौता अक्षरशः कार्यान्वयन गर्नु पर्नेमा माननीय मुख्यमन्त्री जीवनबहादुर शाहीज्यूको विशेष जोड रहेको थियो । कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद् को मिति २०७९ असार १५ गतेको निर्णयबाट सम्झौता कार्यान्वयन प्रयोजनार्थ प्रतिवेदन पेस गर्न एक कार्यदल गठन भएको थियो । प्रदेश सरकारको निर्णय तथा कार्यादेशका प्रतिहरू यसै प्रतिवेदनसाथ संलग्न रहेका छन् । वादी समुदायको उत्थान र विकासका लागि आगामी दिनहरूमा गर्न सकिने कार्यक्रम तथा क्रियाकलापको सिफारिस सहितको प्रतिवेदन पेस गर्ने विषय कार्यदलको प्रमुख कार्यादेश थियो । कर्णाली प्रदेश सरकारको निर्णय अनुसार कार्यदलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकीय सुधार महाशाखाका सचिव संयोजक, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका उपसचिव र सामाजिक विकास मन्त्रालयका अधिकृत प्रतिनिधिका साथै वादी समुदायका एकजना महिलासहित दुईजना प्रतिनिधिहरू सदस्य रहने व्यवस्था थियो । उक्त निर्णय अनुसार ५ सदस्यीय कार्यदल गठन भएको थियो । कार्यदलको कार्यावधि ३ महिना तोकिएकोमा कर्णाली प्रदेशभित्र रहेका विभिन्न जिल्लामा पुगेर वादी समुदायको वास्तविकता एकिन गरी प्रतिवेदनलाई अन्तिम रूप दिन थप समय आवश्यक हुने देखिएकोमा मा. मुख्यमन्त्री स्तरको मिति २०७९/०६/११ को निर्णयबाट कार्तिक मसान्तसम्म समयावधि थप गरिएको थियो । यस कार्यदलको पहिलो बैठकबाट उक्त प्रतिवेदन तयार गर्नको लागि आवश्यक पर्ने तथ्य, तथ्याङ्क सङ्कलन लगायत कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्न प्रदेश सरकारका अन्य निकायहरू र विकास साझेदार संघसंस्थाहरूसँग सहकार्य गरी अगाडि बढ्ने निर्णय गरिएको थियो ।

## १.३ उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य कर्णाली प्रदेशभित्र रहेका वादी समुदायको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, शैक्षिक एवं जनसाङ्ख्यिक अवस्थाका सम्बन्धमा अध्ययन गरी वादी समुदायको विकास र उत्थानका लागि संघ, प्रदेश तथा स्थानीय सरकारबाट आगामी दिनमा उपलब्ध गराउन सकिने सेवा, सुविधा तथा सञ्चालन गर्न उपयुक्त हुने कार्यक्रम सिफारिस गरी प्रतिवेदन पेस गर्नु रहेको छ ।

## १.४ कार्यक्षेत्र

कार्यदलले अध्ययन क्षेत्रको रूपमा कर्णाली प्रदेशभित्र बसोबास गर्ने वादी समुदायलाई लिएको छ । अधिक वादी समुदाय रहेको गाउँहरूलाई अध्ययनको लागि समेटीएको छ । वादी समुदायको बाहुल्यता बढी भएका जिल्लाहरू सुर्खेत, जाजरकोट, दैलेख, सल्यान, कालिकोट र रुकुम (पश्चिम) लाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ । साथै, वादी समुदायको बढी आवादी भएको लुम्बिनी र सुदुरपश्चिम प्रदेशका केही जिल्लामा समेत अध्ययन गरिएको छ । उक्त क्षेत्रमा सरकारका नीति, योजना तथा कार्यक्रमको वास्तविक अवस्था बारे स्थलगत अध्ययन गरिएको छ । कार्यदलले प्रतिवेदन तयार गर्नको लागि निम्नानुसार अध्ययन क्षेत्र निर्धारण गरेको छः

- कर्णाली प्रदेशभित्र वादी समुदायको बसोबास भएका जिल्ला र क्षेत्रहरू
- वादी समुदायको सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक र जनसङ्ख्या अवस्था सम्बन्धी विषयहरू
- वादी समुदायको उत्थान र विकास (आर्थिक, सामाजिक) का लागि सञ्चालन गर्न सकिने कार्यक्रम एवं क्रियाकलापहरूको पहिचान सम्बन्धी विषयहरू
- कर्णाली प्रदेशमा वादी समुदायको बसोबासका स्थानहरू तथा वर्गीकृत उमेर समूहको अनुमानित जनसङ्ख्या अवस्था सम्बन्धी विषयहरू

## १.५ अध्ययन विधि

अध्ययनको लागि निश्चित सीमा र कार्यप्रक्रिया निर्धारण गरिएको थियो । सोही आधारमा अध्ययनका विभिन्न विधिहरू मध्ये निम्न बिधिलाई अध्ययनमा अवलम्बन गरिएको थियोः

- समूहगत छलफल
  (Focus Group Discussion, FGD)
- मुख्य उत्तरदातासँग अन्तर्वार्ता
  (Key Informant Interviews, KII)
- अवलोकन
  (Observation/Participant Observation) र
- विभिन्न प्रकाशनहरूको अध्ययन विश्लेषण
  (Secondary Data Analysis/Archival Study)

समूहगत छलफल विधि वादी समुदाय बढी आबादी रहेको वस्तीमा अपनाइएको थियो । अन्तर्वार्तामा मुख्य उत्तरदाता वादी समुदायका अगुवा, सम्बन्धित पालिकाका मेयर, वडाअध्यक्ष तथा जनप्रतिनिधिहरू रहेका थिए । यसका लागि चेकलिष्ट तयार गरी प्रश्नहरू तयार गरिएको थियो। द्धितीय तथ्य, तथ्याङ्कको लागि स्थानीय तहले प्रकाशन गरेका पुस्तक तथा वादी समुदायसँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनहरूको अध्ययन गरिएको थियो । समुदायमा गरिएको छलफल तथा अन्तरवार्तामा युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना र सङ्कलित सूचना, तथ्य, तथ्याङ्क एवं प्रकाशनहरूको अध्ययन गर्न लुथरन नेपालबाट सहयोग प्राप्त भएको थियो ।

## १.६ अध्ययनको सीमा

यस प्रतिवेदन तयारी गर्ने क्रममा कार्यदल समक्ष अध्ययनका लागि निम्न सीमाहरू रहेका थिए:

- अध्ययनको लागि कार्यदलसँग नियमित वा विशेष कार्यक्रमअनुसार कुनै शीर्षकमा बजेटको व्यवस्था थिएन र सहयोगको लागि विभिन्न निकाय र पक्षसँग अनुरोध तथा सहकार्य गर्नु परेको थियो ।
- कार्यदलसंग अध्ययन गर्न तथा प्रतिवेदन तयारीको लागि बिशेषज्ञ जनशक्ति थिएन । साथै कार्यदलका सरकारी कर्मचारीहरू कार्यालयको नियमित जिम्मेवारी समेत निर्वाह गर्नु पर्ने कारण दोहोरो जिम्मेवारीमा थिए । तसर्थ बिशेषज्ञ जनशक्तिका लागि विभिन्न निकाय र पक्षसंग सहयोगका लागि अनुरोध र सहकार्य गर्नु परेको थियो ।
- अध्ययनको लागि उपलब्ध कार्यक्षेत्र र अध्ययनको उद्देश्य अनुरूप कार्यदलका सरकारी पदाधिकारीहरूको दोहोरो जिम्मेवारीका कारण अध्ययन कार्यमा मात्र समय दिन नसकिने अवस्था थियो साथै कार्यालयको नियमित जिम्मेवारी सँगै थप समय छुट्टाएर यो अध्ययन गर्नु पर्ने अवस्था थियो ।
- दोहोरो जिम्मेवारीमा रहेका कर्मचारीहरूलाई कार्यदलको काममा उत्प्रेरित गराउनु पर्ने विशेष आवश्कता थियो ।

## १.७ प्रतिवेदन तयारीमा सहकार्य

कार्यदलले अध्ययन तथा प्रतिवेदन तयारीका लागि निम्न पक्षहरूसँग सहकार्य गरेको थियो:

- वादी समुदाय सम्बन्धी पूर्व अध्ययन प्रतिवेदन तथा विभिन्न कार्यक्रम र प्रकाशनहरू अध्ययन गरी प्रतिवेदन तयारीमा सहयोग गर्नका लागि लुथरन नेपालसँग सहकार्य गरिएको थियो ।
- अध्ययन एवं प्रतिवेदन तयारीका लागि वादी समुदायबाट आवश्यक सूचना तथा जानकारीहरू सङ्कलन तथा विश्लेषण गर्न, समुदाय स्तरमा अन्तरक्रिया गर्न, प्रत्यक्ष समूह छलफल गर्न तथा प्रत्यक्ष अन्तर्वार्ता लिने जस्ता कार्यमा युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना सँग सहकार्य गरिएको थियो ।
- कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कार्यदलमा आ-आफ्नो मन्त्रालयबाट प्रतिनिधिहरू सहभागी गराई सहकार्य गरेका थिए ।
- वादी सरोकार मञ्चबाट कार्यदलमा सदस्यको रूपमा प्रतिनिधित्व भएको थियो । साथै प्रतिवेदन तयारीको क्रममा अध्ययनका लागि वादी समुदाय तथा उक्त समुदायका अगुवा प्रतिनिधिहरू छनौट गर्न आवश्यक सहयोग प्राप्त भएको थियो ।

०२

# वादी समुदायको वर्तमान अवस्था विश्लेषण

## २.१ वादी समुदायको परिचय

वादी समुदाय आफनो छुट्टै परम्परा, संस्कृति, संस्कार र सामाजिक संगठन भएको जातिको रूपमा परिचित छ। वादी शब्द संस्कृत भाषाबाट आएको हो। वादी समुदायलाई पेसाको आधारमा वादी नामाकरण गरेको पाईन्छ। वादी शब्दको उत्पत्तिलाई हेर्दा उनीहरूको पौराणिक पेसा वाद्यवादनका सामानहरू बनाउने र तिनीहरूलाई प्रयोग गर्ने अर्थ लगाइएको पाइन्छ। मनोरञ्जनको लागि प्रयोग हुने वाद्यवादनका सामानहरू बजाउने वा प्रयोग गर्नेलाई वाद्यकार र नाच्ने वा अभिनय गर्नेलाई पात्र भनिएकोमा त्यही वाद्यकार र पात्र शब्दबाट वादी र पातर बनेको देखिन्छ। नेपाली बृहत शब्दकोश २०७६ का अनुसार वाद्यवाधन बनाउने, फुक्ने, सुरिलो र मनोरञ्जन तथा ताल आदि निकालिने सामाग्री वा बाजा बनाउनेलाई 'वादी' भनिएको छ। नेपाली बृहत शब्दकोशको ब्याख्यालाई आधार बनाउदा पेसागत रूपमा पहिचान बन्दै वादी समुदाय निर्माण हुन गएको अनुमान गर्न सकिन्छ। नेपालको दलित समुदायभित्रको आफ्नै परम्परा र सामाजिक संगठनको स्वरूप एवं अलग पहिचान भएको जातिको रूपमा वादी समुदायका मानिसहरू आफुहरूलाई दावी गर्दछन्।

वादीहरू को हुन् र यिनको मूल थलो कुन हो भन्नेमा मतभिन्नता छ। कसैले वादी समुदायको उद्धगम स्थल सल्यान जिल्लालाई मानेका छन भने कसैले वादी भारतबाट बफाङ हुदै जाजरकोटमा आएका हुन भन्ने भनाई पनि राखेका छन् (मजगैया, २०५६)। केहीले वादी र पातरलाई नेपालका विभिन्न मन्दिरमा रहेका देउकी वा देउचेली (देवदासी), कुमारी र भुमा जस्तै नेपाली समाजका मौलिक संस्करण हुन् भनेका छन्। केहीले यिनीहरूलाई भारतको वैशाली क्षेत्रबाट नेपाल आएको अनुमान गरेका छन्। वादी समुदायको उत्पत्तिका सन्दर्भमा एकिन साथ भन्न नसकिए पनि उनीहरू नेपालको ७३ जिल्लामा छरिएर रहेको पाइन्छ। नेपालको जनगणना २०६८ अनुसार कुल ३८,६०३ वादी जनसङ्ख्या रहेको छ। जुन नेपालको जनसङ्ख्याको ०.१५ प्रतिशत हुन्छ। वादी समुदाय नेपालको सुदुरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा बढी मात्रामा रहेको देखिन्छ। घुमन्ते जीवनयापन गर्ने यो समुदाय केही दशकदेखि स्थायी रूपमा बसोबास गर्न थालेको पाइन्छ।

## २.२ वादी समुदायको वर्तमान अवस्था

वादी समुदाय विगत देखि नै सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक रूपमा धेरै पछाडि पारिएको एवं परेको जाति हो। तथापि यो समुदायको अवस्था विगतको तुलनामा निकै सुधार हुँदै गएको छ। विगतको घुमन्ते जीवन तथा नाचगान र मागेर खाने पेसाहरूमा क्रमशः परिवर्तन हुदै आएको देखिन्छ। मौसमी (Seasonal) बसाइसराइलाई छाडेर

कुनै निश्चित ठाँउमा स्थायी रूपमा बस्न थालेको देखिन्छ। कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूबाट प्राप्त तथ्याङ्क, छलफल र अन्तरक्रियाबाट सङ्कलित जानकारी र सुझाव, विभिन्न दस्तावेज तथा प्रकाशन आदि समेतको अध्ययनका आधारमा वादी समुदायको अवस्था सम्बन्धी विषयहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

### (क) भूमिहीनता

वादी समुदायले भूमि प्राप्तिका लागि लामो सङ्घर्ष गरेको पाइन्छ। उनीहरूका सबै आन्दोलनका मुख्य माग नै गाँस, बास र कपास सम्बन्धी आवश्यकता पुरा हुन पर्ने विषयमा केन्द्रित रहेको देखिन्छ। लामो समयदेखि उनीहरूले खेतीयोग्य जमिनसहित आवासको व्यवस्था गर्न माग गरेको पाइन्छ। झण्डै सात दशक देखि वादीहरूले आफना यी मागहरू सरकारसँग राख्दै आएको भएतापनि ठोस कार्यक्रमहरू प्राप्त नभएको उनीहरूको गुनासो छ। जसले गर्दा वादी समुदायका समस्याहरू समाधान हुन नसकेको उनीहरूको जिकिर रहेको देखिन्छ।

मुलुकमा विभिन्न कालखण्डमा भएको राजनीतिक तथा आर्थिक परिवर्तन र दर्जनौ कानूनी व्यवस्थाका बाबजुद दलित (वादी) भूमिहीनताको अवस्था विद्यमान रहेको विभिन्न तथ्याङकहरू र यस अध्ययनबाट देखिन्छ। लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा गरिएको एक अध्ययनले ४६ प्रतिशत वादीको आफनो कुनै किसिमको जग्गा नरहेको देखाएको थियो । त्यस्तै (गोपाल नेपाली, २०७६) ५७ प्रतिशत वादी समुदाय ऐलानी, सरकारी तथा अरूको निजी स्वामित्व रहेको जमिनमा बसेको देखिएको छ।

> **चौरजहारी नगरपालिका (रुकुम पश्चिम) का मेयर पुष्प वादी र खाँडाचक्र नगरपालिका (कालिकोट) का मेयर कमल बहादुर शाहीका अनुसार इतिहास देखि नै भूमिहीन वादीहरू अहिलेको अवस्थामा पनि भूमि प्राप्तिको लागि सङ्घर्ष गर्नु परिरहेको छ । त्यसैगरी नेपाल सरकार लगायत विभिन्न गैरसरकारी संस्थाबाट बाख्रा, सुँगुर, कुखुरापालन जस्ता आयआर्जनको कार्यक्रम तय गर्दछन तर उनीहरूको टेक्ने जमिन छैन भने कसरी उनीहरुले उक्त आयआर्जनको काम गर्न सक्छन ? भूमि व्यवस्था सम्बन्धमा विभिन्न आयोग र प्रतिवेदन बने पनि वादीहरूले भूमिमा स्वामित्व प्राप्त गर्न नसक्दा समस्या जस्ताको त्यस्तै रहेको भनाइ रहेको थियो। जनता आवास कार्यक्रम मार्फत केही वादी परिवारले थोरै क्षेत्रफलको जमिनमा घरहरु बनाए तर थोरै जग्गाका कारण उनीहरूले त्यहाँ भूमिमा आधारित आयआर्जनका कार्य गर्न सकेनन्।**

अध्ययनको क्रममा कर्णाली प्रदेशका विभिन्न जिल्लाहरू सुर्खेत, दैलेख, कालिकोट, जाजरकोट, सल्यान र रुकुम (पश्चिम) मा गरिएको स्थलगत अध्ययनले वादी समुदायका अधिंकाश परिवारहरू भूमिहीन रहेको देखिएको थियो। भूमिहीनता सम्बन्धी बिषयहरूलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ ।

- वादी समुदाय घुमन्ते जीवनबाट स्थायी रूपमा बस्न थालेको।
- अधिकांश वादीहरू ऐलानी, पर्ती, सरकारी जग्गामा बसोबास गरीरहेको र केही परिवारको मात्र निजी स्वामित्वको जमिन रहेता पनि खेतीयोग्य भने नरहेको देखिएको।
- ऐलानी जग्गामा बसोबास गरी रहेका दैलेख नारायण नगरपालिका र रुकुम पश्चिमको वादी बस्ती पहिरोको उच्च जोखिममा रहेको।
- जग्गाको स्वामित्व नहुँदा राज्यबाट प्रदान गर्ने आधारभुत सेवा बत्ति, पानी लगायत नागरिकता प्राप्तिमा समेत समस्याहरू रहेको देखिन्छ।
- कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिकामा बसोबास गरीरहेका वादी समुदाय लगायत अन्य स्थानका केही वादीहरू अरूको स्वामित्वमा रहेको घर तथा जग्गामा भाडामा बस्ने गरेको पनि देखिएको।

### (ख) सामाजिक र साँस्कृतिक अवस्था

वादी समुदाय हालसम्म पनि विभिन्न खालका सामाजिक र साँस्कृतिक विभेदबाट मुक्त हुन सकेको देखिदैन । नेपाल सरकारले छुवाछुत र जातीय विभेदलाई सामाजिक अपराधको रूपमा स्वीकार गरेको भए पनि उक्त विभेदहरू समाजमा अझै पनि विद्यमान रहेको देखिन्छ । नेपाल

**सुर्खेतको मदानीचौर, दैलेखको नारायण नगरपालिकाको नमुना बस्ती र रुकुम पश्चिमको महिला समूहसँग मात्र भएको छलफलमा सहभागीले अहिले महिला हिंसा छ भने पनि सुख छैन, छैन भनौं भने पनि हिंसा हुने गरेको बताए। (०९ र १२ भदौ २०७९ र ०५ असोज २०७९ मा लिइएको अन्तर्वार्ताका आधारमा)**

सरकारले नेपाललाई छुवाछुत मुक्त घोषणा गरिसकेको छ। तर, दलित भित्रका वादी समुदायलाई दलित समुदायका अन्य जातिहरूले पनि अछुतको व्यवहार गर्ने हुदाँ वादी समुदाय दोहोरो रूपमा जातीय छुवाछुतको विभेदबाट पिडित हुन बाध्य भएको देखिन्छ। वादी समुदायमा बालविवाह, बहुविवाह, घरेलु हिंसा, महिला हिंसा व्यापक रहेको देखिन्छ। वादी समुदायले साँस्कृतिक र धार्मिक रूपमा हिन्दु धर्म र संस्कृति मान्दै आएको पाईन्छ। तर यस समुदायमा पनि धर्म परिवर्तनको अवस्था देखिन्छ। नेपाली भाषा वोल्ने यस समुदायमा पितृसत्तात्मक प्रभाव कायम रहेको पाईन्छ। यस समुदायका व्यक्तिहरूलाई अन्य समुदायबाट उनीहरूको आत्मसम्मानमा ठेस पुग्ने खालका शब्दहरू प्रयोग गरी बोलाउने र व्यवहार गर्ने क्रम अझैसम्म कायम रहेको पाइएको छ। उपर्युक्त विषयहरूलाइ निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- अन्तरजातीय विवाह गर्नेहरू सोही कारण समाजबाट बहिष्करणमा पर्ने गरेको
- दलित समुदाय भित्र नै वादी समुदायलाई छुवाछुतको व्यवहार गरिने कारण जातका आधारमा हुने विभेद दोहोरो स्तरमा कायम रहेको
- बालविवाह तथा बालश्रम उच्च रहेको, मौसमी रोजगारीका लागि भारत जाने क्रम बढी रहेको
- महिला हिंसा तथा घरेलु हिंसा हुने गरेको
- महिलाहरू यौन व्यवसायका लागि विभिन्न मुलुकमा बेचविखनमा पर्ने गरेको

### (ग) आर्थिक अवस्था

वादी समुदाय आर्थिक रूपमा ज्यादै दयनीय अवस्थामा रहेको देखिन्छ। उनीहरूको प्रमुख आयश्रोतको माध्यम भनेको ज्याला मजदुरी, खोलामा गिट्टी, बालुवा निकाल्ने र मौसमी रोजगारीको लागि भारतमा जाने गरेको पाईन्छ। उच्च गरीवीको कारण विद्यालय जाने उमेर समूहका बालबालिका समेत कामको खोजीमा भारत जाने साथै देशभित्र पनि मजदुरीमा जाने गरेको देखिन्छ। झण्डै ५३.९५ प्रतिशत वादीहरू कामको खोजीमा देशभित्र भौतारिएको देखिन्छ भने ८ प्रतिशत वादीहरू भारतमा कामको खोजीमा गएको पाइन्छ। त्यसमध्ये पनि ८ प्रतिशत ५ देखि १७ वर्ष उमेरका बालक रहेको अध्ययनले देखाएको छ (केशब, २०७६)। वर्षभरि खान पुग्ने वादीको सङ्ख्या जम्मा २५ प्रतिशत रहेको छ। बाँकी ७५ प्रतिशत वादीहरू भोकको चपेटामा परेको देखिन्छ (यम किसान, २०१४)। अध्ययन गरिएका जिल्लाहरूमा पनि वादी समुदायको आर्थिक अवस्था कमजोर रहेको देखिन्छ। संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट आउने बजेट एकमुष्ट दलितको नाममा आउने भएको हुदाँ त्यस्ता कार्यक्रमहरू वादी समुदायसम्म पुग्न सकेको देखिदैन। आफ्नो नाममा जग्गा जमिन नभएको कारण बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गर्ने वित्तीय सुविधाबाट समेत बञ्चित हुने गरेको देखिन्छ। स्थानीय व्यक्ति, साहु, व्यापारीहरूबाट महङ्गोमा ऋण लिने गरेको पाइएको छ। पछिल्लो समय वादी समुदायले केही सिपमूलक तालिमहरू लिने गरेको केही व्यक्ति आयआर्जनका कार्यक्रममा संग्लन भएको भए पनि बङ्गुर, बाख्रा पालनका लागि खोर बनाउन समेत जग्गा नभएको देखिन्छ।

- नियमित आम्दानीको श्रोतको अभावले गास, बास र कपासको समस्या
- गरीबी, सामाजिक विभेद जस्ता कारणले आत्महत्यामा बृद्धि हुने गरेको
- अध्ययन गरिएका जिल्लाका वस्तीहरूमा अधिकांश व्यक्ति बेरोजगार रहेको
- वैदेशिक रोजगारीमा पहुँच नपुगेको
- राज्यले प्रदान गर्ने आधारभूत सुविधा तथा सेवामा पहुँच नभएको
- गरीबी तथा अशिक्षाको कारण विद्यालय जाने उमेर समूहका कतिपय बालबालिका विद्यालय शिक्षाबाट टाढा रहेको

### (घ) स्वास्थ्य अवस्था

वादी समुदायको स्वास्थ्य सम्बन्धी विगतका अध्ययनहरूलाई विश्लेषण गर्दा स्वास्थ्य अवस्था पनि सन्तोषजनक देखिदैन।

यस समुदायका ५० प्रतिशत भन्दा बढी मानिसहरू वार्षिक रूपमा कुनै न कुनै बिमारीबाट ग्रसित हुने र २२ प्रतिशत जति दीर्घरोग पीडित भएको अध्ययनहरुले देखाएका छन् । यसका साथै कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूमा गरिएको स्थलगत अध्ययन तथा छलफलका आधारमा वादी समुदायको कमजोर आर्थिक अवस्थाको कारण स्वास्थ्य सेवामा पहुँच न्यून रहेको देखिन्छ। स्वास्थ्य सम्बन्धी जनचेतनास्तर कमजोर रहेको पाइन्छ। रोजगारीको लागि भारत जाने, आउने क्रमले विभिन्न सरुवा रोगबाट पीडित हुनेको गरेको समेत देखिन्छ। सानो उमेरमा हुने विवाह साथै सानो उमेरमा नै धेरै बच्चा जन्माउने कारण यस समुदायका महिलाहरू प्रजनन लगायत विभिन्न खालका रोगबाट पीडित हुने गरेको देखिन्छ । उचित खानपिनको अभावका कारण यस समुदायका बालबालिका कुपोषणको सिकार हुने गरेको देखिन्छ ।

- मौसमी कामको खोजीमा भारत जाने मध्ये कतिपयले यौनजन्य रोग लिएर आउने कारण यस समुदायका महिला तथा पुरुष यौनजन्य रोगबाट पीडित हुने गरेको पाइन्छ।
- वादी समुदायका महिलाहरू समाजबाट बहिष्करणमा परिने डरले रोगलाई लुकाउने, स्वास्थ्य केन्द्रमा उपचार गराउन नजाने अवस्था विद्यमान रहेको देखिन्छ।

### (ङ) शैक्षिक अवस्था

शिक्षा हरेक मानिसको एक अपरिहार्य आवश्यकताको विषय हो । मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ ले पनि प्रत्येक मानिसलाई प्रारम्भिक र आधारभूत तहसम्म निःशुल्क शिक्षाको अधिकार प्रत्याभूत गरेको छ। नेपालको संविधान २०७२ को भाग ३१ (२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। धारा ४० (२) ले दलित विद्यार्थीलाई प्राथमिक देखि उच्चशिक्षा सम्म कानून बमोजिम छात्रवृत्तिसहित निशुल्क शिक्षाको व्यवस्था गरिने तथा प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने उल्लेख गरिएको छ। वादी समुदायको शैक्षिक अवस्था ज्यादै कमजोर अवस्थामा रहेको देखिन्छ । विगतका अध्ययनहरूका अनुसार वादी समुदायको कुल जनसङ्ख्याको ५ प्रतिशतले प्रवेशिका उतीर्ण गरेको, २ प्रतिशतले उच्चमाध्यमिक (१२) कक्षा उतीर्ण गरेको र ०.६६ प्रतिशतले मात्र स्नातक तह उतीर्ण गरेको देखिन्छ । ८०.३४ प्रतिशत वादी बालबालिका सरकारी विद्यालय र ४.७० प्रतिशत बालबालिका सामुदायिक विद्यालय जाने गरेको देखाएको छ। त्यसमध्ये ३७ प्रतिशत बालबालिका विद्यालयले लिने शुल्क तिर्न नसकेर पढाइ छोड्ने गरेको तथ्य पाइन्छ।

वादी समुदायका बालबालिकाको हकमा छात्रावासको अवधारणा प्रभावकारी रहेको पाइएको छ । विभिन्न विश्वविद्यालय र क्याम्पसहरूमा हाल उपलब्ध छात्रावासहरूमा उत्पीडित तथा सीमान्तकृत विद्यार्थीका लागि अनिवार्य रूपमा स्थान सुरक्षित गरिनुका साथै वादी छात्रछात्राहरूको लागि प्रदेश र जिल्लास्तरमा अलग्गै छात्रावासको व्यवस्था समेत गर्नु पर्ने विषय उठाइरहेको देखिन्छ। छात्रावास भवन निर्माण तथा मर्मत र विद्यार्थीका लागि खाना, कपडा र किताबहरूका लागि सङ्घ र प्रदेश सरकारले निश्चित प्रतिशत बजेटको व्यवस्था गरी दायित्व लिनु पर्ने उल्लेख छ। (किसान, २०७३) स्थलगत अध्ययनका क्रममा गरिएका छलफल तथा अन्तर्वार्ता पनि वादी समुदायको कमजोर आर्थिक अवस्था कै कारण माध्यमिक विद्यालय जाने उमेर समूहका बालबालिकाहरूमा बिचैमा विद्यालय छोडने गरेको पाइएको थियो। प्राविधिक शिक्षामा वादी समुदायको पहुँच अति न्यून रहेको पाइएको छ। उच्च शिक्षा लिनेको सङ्ख्या न्यून रहेको साथै कालिकोट खाँडाचक्र नगरपालिका, दैलेख जिल्ला नारायण नगरपालिकाका अधिकांश विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय नजाने गरेको देखिन्छ। विद्यालय गएका बालबालिकाहरू समेत विद्यालय पोशाकको अभावमा विद्यालय छोड्ने तथा नजाने गरेको देखिन्छ (दैलेख दुल्लु नगरपालिका-१ तल्लो डुंङ्गेश्वर स्थलगत अध्ययन) । कुनै कुनै वादी परिवारले आफ्नै बलवुतामा आफ्ना सन्तानलाई नर्सिङ्ग तथा डाक्टरी समेत पढाउन र आफ्नै जमिनमा पक्की घरवास बसाउन सफल भएको पनि देखिएको छ (लुम्बिनी प्रदेश, दाङ, तुलसीपुर स्थलगत अध्ययन)।

### (च) राजनैतिक अवस्था

वादी समुदायको राजनीतिक क्षेत्रमा संलग्नता एकदमै न्यून देखिन्छ। वादी समुदायको राजनीतिक, प्रशासनिक लगायत नीति निर्माण गर्ने तहमा पहुँच नगन्य देखिन्छ। केही वर्ष यता वादी समुदायमा राजनैतिक चेतनास्तर वृद्धि भए पनि राजनैतिक

दलहरूले उनीहरूलाई नेतृत्व तहमा सहभागी नगराएको गुनासो पाइएको छ। २०७९ को स्थानीय तहको निर्वाचनमा कर्णाली प्रदेशमा वादी समुदायको सहभागिता न्यून मात्रामा रहेको देखिन्छ। यो समुदायका व्यक्तिहरू स्थानीय तहभन्दा माथिको राजनीतिक तहमा सहभागी हुन सकेको देखिदैन। स्थानीय स्तरमा बनेका विभिन्न समितिहरू, वन उपभोक्ता समूह, विद्यालय व्यवस्थापन समिति र स्थानीय सामुदायिक संस्थाहरूमा पनि उनीहरूको सहभागिता न्यून रहेको देखिन्छ।

### (छ) परम्परागत सिप तथा व्यवसाय

वादीको इतिहासलाई अध्ययन गर्दा यो समुदाय वाद्यवादन तथा मनोरञ्जन सम्बन्धी सिप, कला र पेसाले निपूर्ण जाति भएको देखिन्छ। समयक्रमसँगै वादी समुदायको वास्तविक इतिहासलाई हरण गरी देहव्यापारीको बिल्ला भिराइएको छ भनेर वादी समुदायका मानिसहरू दुःखी हुँदै गुनासो गरिरहेको पाइन्छ। (नेपाली गोपाल, २०७७) इतिहासमा वादी जातिको पहिचान एवं सम्मानित अवस्था रहेको पाइन्छ। वादी समुदायका परम्परागत पेसाहरू लोप हुदै गएको देखिए पनि केही वादी परिवारले भने जीविकोपार्जनको लागि आफनो परम्परागत पेसालाई अपनाएको देखिन्छ। वादी समुदायका केही व्यक्तिहरू परम्परागत पेसाहरू जस्तै मादल तथा वाद्यवादनका सामाग्रीहरू, जाल, सुल्पा, चिलिम, टरिया बनाउने कार्यमा संलग्न भएता पनि बजारको अभाव र आधुनिक वाद्यवादन सामग्री तथा प्रविधिको विकासका कारण वादी समुदाय आफ्नो परम्परागत पेसाबाट क्रमशः विस्थापित हुदै गएको पाइन्छ।

### (ज) रोजगारीको अवस्था

वादी समुदायको रोजगारीको अवस्थालाई हेर्ने हो भने अधिकांश वादीहरू ज्याला मजदुरीको काममा संलग्न हुने गरेको देखिन्छ। केही व्यक्ति परम्परागत पेसा बालीघरे तथा मागेर जीविकोपार्जन गरेको समेत देखिन्छ। उनीहरूले रोजगारीको लागि भारत र नेपालकै शहरहरूमा मजदुरी गर्ने, केही गाडी चालकको रूपमा काम गर्ने गरेको देखिन्छ। आफनो जीवन निर्वाहको लागि ठूलो सङ्ख्यामा भारत जाने र धेरै सानो सङ्ख्यामा मात्र तेश्रो मुलुकमा गएको देखिन्छ। सरकारी निकायमा रोजगारी गर्नेको सङ्ख्या देखिदैन भने गैरसरकारी तथा निजी क्षेत्रमा रोजगारी गर्नेको सङ्ख्या न्यून रहेको देखिन्छ।

## २.३ नीतिगत, कानूनी र संस्थागत प्रयास

### क) संवैधानिक व्यवस्था

संविधानको प्रस्तावनामा नै सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरी आर्थिक, सामाजिक सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। त्यसैगरी धारा १६(१), १७(२), १८(३) धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा ३१ शिक्षा सम्बन्धी हक, धारा ४० दलितको हक, धारा ४२ सामाजिक न्यायको हक लगायत धाराहरू दलित समुदायसँग सम्बन्धित छन् र वादी समुदायको सन्दर्भमा समेत यी धाराहरू आकर्षित हुन्छन्।

### ख) नीतिगत व्यवस्था

**शिक्षा नीतिः** नेपालको संविधानको धारा ४० (२) ले दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने कुरा उल्लेख छ। शिक्षा नीति २०७६ ले शिक्षा क्षेत्रलाई सुदृढ गर्ने लक्ष्य वोकेको छ। यस नीतिमा प्रारम्भिक बालविकास तथा शिक्षा, अनिवार्य तथा निःशुल्क शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, उच्च शिक्षा, अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा, परम्परागत तथा खुला शिक्षा, समावेशी र विशेष शिक्षा, शैक्षिक, सुशासन र जनशक्ति व्यवस्थापन, सार्वजनिक-निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण, शिक्षामा गुणस्तर, शिक्षामा लगानी आदि समेटिएका छन्। संविधानको धारा ३१ (२,३) को व्यवस्था अनुसार आर्थिक रूपले विपन्न, अपाङ्गता भएका, आर्थिक रुपले विपन्न दलित र आर्थिक रुपले विपन्न दुर्गम क्षेत्रका बालबालिकाका लागि निःशुल्क प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गरिने व्यवस्था गरेको छ (राष्ट्रिय शिक्षा नीति,२०७६)।

**भूमि नीतिः** नेपालको कुल भूभाग मध्ये कृषि क्षेत्रले करिब २७ प्रतिशत र वन क्षेत्रले ४४ प्रतिशत भूभाग ओगटेको छ। राष्ट्रिय जनगणना २०६८ ले कुल ५४ लाख २३ हजार २ ९७ घरपरिवार मध्ये ८५.२६ प्रतिशत घरपरिवारहरू आफ्नै स्वामित्वको घरमा र १२.८१ प्रतिशत घरपरिवारहरू भाडामा वस्ने गरेको देखाएको छ (राष्ट्रिय भूमि नीति, २०७५)।

कर्णाली प्रदेशको कुल खेतीयोग्य जमिनको ३० प्रतिशत बाँझै हुने गरेकोले वर्षेनी खाद्यान्न अभाव हुने गरेको तथ्य सार्वजनिक भएको थियो । यस प्रदेशको खेतीयोग्य जमिन ४१ प्रतिशत भए पनि ११ प्रतिशत जमिनमा मात्र खेती गर्ने गरिएको तथ्याङ्कले देखाएको छ (नयाँ पत्रिका, २०७६ असार १०) । नेपालको संविधानको धारा ४० (५) मा राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै, धारा ४० (६) अनुसार राज्यले आवासविहीन दलितलाई पनि कानून बमोजिम बसोवासको व्यवस्था गर्नु पर्ने देखिन्छ।

त्यसैगरी राष्ट्रिय भूमि नीति, २०७५ ले भूमिहीन विपन्न परिवारलाई उचित बसोबासको व्यवस्था मिलाइने, पुर्नस्थापना गर्नुपर्ने व्यक्ति वा परिवारलाई उचित व्यवस्थापन गरिने, कृषियोग्य जग्गामा कृषक परिवारको पहुँच बढाउने, भूमिमा महिलाको पहुँच र स्वामित्व बृद्धि गर्ने । साथै भूमिहीन र अव्यवस्थित रूपमा भूमिको प्रयोग गरी आएका विपन्न परिवारलाई उपयुक्त स्थानमा भूमि उपयोगमा निर्दिष्ट अधिकार रहने गरी व्यवस्थापन गर्ने, विपद्को सम्भावना अधिक भएका क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने जस्ता नीतिहरू अवलम्बन गरेको देखिन्छ।

कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ नेपालको संविधानको धारा ४२ उपधारा २ मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षा सम्बन्धी विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको देखिन्छ। वादी, गाईने, राउटे, बोटे, राजी, कुसुण्डा, विपन्न, अपाङ्ग, विपन्न दलित, विपन्न मुसलमान तथा अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरूलाई आवासको व्यवस्था गरेको देखिन्छ।

**कर्णाली प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**: यस ऐनमा सबै बासिन्दालाई सहज र सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त हुने हकको व्यवस्था गरिएको छ । लोपोन्मुख तथा अल्पसङ्ख्यक समुदायको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने विषय उल्लेख गरिएको छ। त्यसैगरी, भेदभाव गर्न नपाईने व्यवस्थाअनुसार, कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पति, धर्म, वर्ण, जातजाति, लिङ्ग, पेसा, यौनिक वा लैङ्गिक पहिचान, शारीरिक वा एचआईभी सङ्क्रमण, महामारी लगायतको स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचारमा भेदभाव गर्न नपाईने व्यवस्था गरेको छ। स्वास्थ्य संस्थाले आफूसँग उपलब्ध शय्याको दश प्रतिशत शय्या गरीब, विपन्न तथा असहाय वर्गलाई निःशुल्क उपलब्ध गराउनु पर्ने व्यवस्था पनि गरेको छ (कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८) ।

**कर्णाली प्रदेश सरकारको पञ्चबर्षीय योजना**: 'समृद्ध कर्णाली, सुखारी कर्णालीबासी' बनाउने दीर्घकालीन सोच कार्यान्वयन गर्न कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले सामाजिक न्यायसहित दिगो विकास गर्ने सोच राखेको देखिन्छ । यसै अनुसार कर्णाली प्रदेशको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तय भएको देखिन्छ । सामाजिक न्यायसहित दलित समुदायलाई मुलप्रवाहीकरण गर्ने लक्ष्य राखेको देखिन्छ।

**कर्णाली प्रदेश सरकारको नीति कार्यक्रम तथा वजेट**: **कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम**, २०७९।०८० **मा वादी तथा दलित समुदायलाई सम्वोधन गरिएका बुँदाहरुः** बुँदा नं. ९.१ म ज्येष्ठ नागरिक, दलित, वादी, विपन्न, राउटे, राजी, माझी, मुक्त हलिया, एकल महिला, आपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, द्वन्द प्रभावित, विस्थापित व्यक्ति, अशक्त, घाईते तथा सहिद परिवार, एच.आइ.भी. सङ्क्रमित व्यक्ति लगायतका वर्गको संरक्षण, आयवृद्धि र सहज जीवनयापनको व्यवस्थाका लागि मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रमलाई निरन्तरता दिने, ९.३ मा आर्थिक तथा सामाजिक रूपमा पछि परेका दलित समुदायको आर्थिक, सामाजिक विकास र सशक्तीकरण गर्न मुख्यमन्त्री दलित आयआर्जन प्रर्वद्धन कार्यक्रमलाई निरन्तरता दिने। ३६.११ मा दलित, राउटे, विपन्न, घरविहीन, सीमान्तकृत नागरिक तथा जोखिमयुक्त र छरिएका वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय तहसँग समन्वय र साझेदारीमा एकीकृत बस्ती विकास, जनता आवास र विपन्नको घर कार्यक्रमलाई निरन्तरता दिने।

कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम २०७८।०७९ बुँदा नं. १८.१ मा ज्येष्ठ नागरिक, दलित, वादी, विपन्न, राउटे, राजी, माझी, मुक्त हलिया, एकल महिला, आपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, द्वन्द्व प्रभावित, विस्थापित व्यक्ति, अशक्त, घाईते तथा सहिद परिवार, एच.आइ.भी. सङ्क्रमित व्यक्ति लगायतका वर्गको संरक्षण, आयवृद्धि र सहज जीवनयापनको व्यवस्थाका लागि मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रमलाई निरन्तरता दिने कुरा छ । त्यसैगरी, बुँदा नं. १८.३ मा आर्थिक तथा सामाजिक रूपमा पछि परेका दलित समुदायको आर्थिक, सामाजिक विकास र सशक्तीकरण गर्न मुख्यमन्त्री दलित आयआर्जन प्रर्वद्धन कार्यक्रमलाई निरन्तरता दिने । बुँदा नं. २८ वञ्चितीकरणमा परेका तथा राज्यको विशेष संरक्षण आवश्यक पर्ने वर्ग, क्षेत्र र समुदायको संरक्षण, विकास, जीविकोपार्जन र आयवृद्धिका लागि स्थानीय तहसंगको समन्वय तथा साझेदारीमा कर्णाली प्रदेश सरकार सामाजिक सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ । बुँदा नं. २८.४ अनुसार आर्थिक तथा सामाजिक रूपमा पछि परेका दलित महिलाको समुचित विकास गर्न स्थानीय तहसँगको साझेदारीमा दलित महिला आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ । बुँदा नं. ३४. अनुसार दलित, राउटे, विपन्न, घरबार विहिन, विपद् पीडित जनता र छरिएको तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी शिक्षा, स्वास्थ्य, रोजगारी र आयआर्जनका अवसर उपलब्ध गराउने गरी एकीकृत बस्ती विकास तथा सामाजिक रूपान्तरण कार्यक्रम अगाडि बढाइनेछ ।

**सुदुरपश्चिम प्रदेश सरकार**ः वार्षिक नीति तथा कार्यक्रम २०७६।०७७ मा वादी तथा दलित समुदायको लागि भएका व्यवस्थाहरुः बुँदा नं. ६८ मा संघीय सरकारले प्रमाणीकरण र वर्गीकरण गरेको आधारमा मुक्त कमैया, मुक्त हलिया, मुक्त कमलरी, भुमिहीन, वादी, राजी, राउटे समुदायलाई व्यवस्थित गर्न रोजगारी तथा अन्य कार्यक्रम सञ्चालन गरी निरन्तरता दिइनेछ भन्ने रहेको छ । त्यसैगरी, बुँदा नं. ७४ मा जातीय भेदभाव उन्मुलन गर्न सामाजिक रूपान्तरणको अभियान सञ्चालन गर्ने, बुँदा नं. ७७ दलित समुदाय माथि हुने सबै प्रकारका विभेद र हिंसा विरुद्ध सचेतनाका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिएको देखिन्छ ।

सुदुरपश्चिम प्रदेश नीति तथा कार्यक्रम २०७९।०८० मा वादी तथा दलित समुदायसँग भएका व्यवस्थाहरुः बुँदा नं. ३४ वैदेशिक रोजगारबाट फर्किएका, द्वन्द प्रभावित, अपाङ्ग, घाइते, सहिद परिवार, एकल महिला, मुक्त कमैया, कमलरी, हलिया, दलित, वादी, राजी, राउटे, गरीवीको रेखामुनि रहेका वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवतीलाई सिपमूलक तालिम तथा सहुलियत व्याजदरमा कर्जा प्रदान गर्ने । बुँदा नं. ५० मा भूमिहीन, सुकुम्बासी, मुक्त हलिया, कमैया, कमलरी र विपन्न तथा पिछडीएको वर्ग तथा अव्यवस्थित बसोबासीको समस्या समधानका लागि नेपाल सरकार र सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गरी, सुरक्षित आवासको लागि मुख्यमन्त्री एकीकृत वस्ती विकास कार्यक्रम लाई विस्तार गरिने । बुँदा नं. ८१ गरीब, विपन्न, सहिद परिवार, महिला, दलित, सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, प्राविधिक शिक्षा र एम.वि.वि.एस. अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिने । बुँदा नं. ११२ पिछडीएका, अतिविपन्न, गरीव, असहाय, सीमान्तकृत, लोपोन्मुख र जोखिममा रहेका राजी, राउटे, वादी, मुक्त कमलरी, कमैया, हलियाको उत्थानका लागि आयआर्जन र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरिने छ ।

**लुम्बिनी प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु**ः लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम २०७८।०७९ मा वादी समुदायको लागि छुट्टै कुनै व्यवस्था भएको देखिदैन तर बुँदा नं.४४ मा प्रदेशभित्र रहेका अल्पसङ्ख्यक समुदायको आर्थिक-समाजिक सशक्तीकरणका लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख

छ । लोपोन्मुख, सीमान्तकृत र अल्पसङ्‌ख्यक समुदायका भाषाहरूको शोधकार्य, लिपि विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख रहेको छ । यसका साथै बुँदा नं. ५० मा महिला, दलित, अति विपन्न तथा पछाडि पारिएका वर्गहरूको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि चेतनामूलक तथा रोजगारी सिर्जना, उद्धमशीलाता प्रवर्द्धन जस्ता विषयहरूलाई समावेश गरी सिप र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख छ। बुँदा नं. १२९ ले विपन्न, महिला, दलित, मुक्त, कमैया, कम्लरी तथा सीमान्तकृत वर्ग, जाति र समुदायहरूमा उद्यमशीलताको विकास मार्फत स्वरोजगार सिर्जना गर्ने रणनीति लिएको देखिन्छ। नयाँ उद्योग दर्ता गर्दा लाग्ने दर्ता शुल्क मिनाहा गर्ने नीतिलाई निरन्तरता दिने कुरा पनि उल्लेख छ।

लुम्बिनी प्रदेश सरकारको आ.वा.२०७९।०८० को नीति तथा कार्यक्रममा दलित तथा वादी समुदायलाई गरिएको नीतिगत व्यवस्थाहरू, बुँदा नं. ४५ ले विज्ञान विषयमा अध्ययनरत छात्रा तथा दलित, मुस्लिम र मुक्त कमैयालाई दिइदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइने, अल्पसङ्ख्यक, लोपोन्मुख, अति सीमान्तकृत, मुस्लिम, दलित, सोनाहा समुदायका छात्राहरूलाई प्राविधिक र चिकित्सा शिक्षा अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गर्ने भनेको छ। त्यसैगरी, बुँदा नं १४४ मा गरीब तथा विपन्न, दलित, अल्पसङ्ख्यक, आदिवासी जनजाति, सोनाहा जाति, एकल तथा अपाङ्गता भएका महिला, वादी, कमलरी, कमैया, मुस्लिम महिला जस्ता समस्यामा परेका सबै समुदायका महिला तथा किशोरीको आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिने भनिएको छ।

### (ग) राज्यबाट गरिएका घोषणा तथा सम्झौता र सरकारले लिएका पहलकदमीहरु

- २०६० साल बैशाख ९ गते सर्वोच्च अदालतबाट जारी भएको कारण देखाउ आदेश
- २०६२ साल भदौ ३० गते सर्वोच्च अदालतले सरकारका नाममा गरेको परमादेश
- २०६४ सालमा नेपाल सरकार र वादी समुदाय बिच भएको सम्झौता
- प्रतिनिधि सभाको महिला, बालबालिका र समाज कल्याण समिति अन्तर्गत वादी समुदायका महिलाहरूको समस्या र अवस्थाका सम्बन्धमा अध्ययन गर्न गठन गरिएको उप समितिको प्रतिवेदन
- २०६५ साल पौष २३ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय
- वादी समुदाय उत्थान विकास समितिको गठन तथा स्थापना
- २०७७ सालमा कर्णाली प्रदेश सरकार र वादी सङ्घर्ष समितिबिच भएको सम्झौता
- विशेष छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७२

03

# सुझाव तथा सिफारिस र निष्कर्ष

## ३.१ समुदायको मागको रूपमा रहेका विषयहरू

वादी समुदायसँगको अन्तरक्रियाका क्रममा उनीहरूले मागको रूपमा राखेका विषयहरूलाइ यहाँ उल्लेख गरिएको छ।

- संघ र प्रदेश सरकारबाट नीतिगत रूपमा नै दलित छात्रवृत्ति भित्र पनि वादीको छुट्टै कोटाको व्यवस्था गरी संरक्षण गर्ने पर्ने
- डाक्टर, पाइलट, इन्जिनियर, चार्टर्ड एकाउन्टेन्ट, कृषि र पशु विज्ञको उच्चशिक्षा तथा प्राविधिक शिक्षामा वादी विद्यार्थीको लागि बिशेष कोटाको व्यवस्था गर्नु पर्ने
- सार्वजनिक सेवाका क्षेत्र (निजामती सेवा, सेना, प्रहरी, वित्तीय क्षेत्र, संस्थान, शिक्षा आयोग लगायत) मा प्रवेशका लागि दलितभित्र वादीलाई आरक्षणको व्यवस्था गर्नु पर्ने
- वादी समुदायको बसोबास रहेको क्षेत्रमा सञ्चालन हुने आयोजना, विकास निर्माणको कार्य सञ्चालन गर्दा आवश्यक पर्ने कर्मचारी/कामदार नियुक्तिमा योग्यता र क्षमता हेरी वादी समुदायलाई नियुक्तिमा प्राथामिकता दिनु पर्ने
- वादी समुदायका व्यक्तिहरूले सञ्चालन गरेका उद्योग व्यवसायहरूलाई प्रोत्साहनमूलक कार्यक्रम लगायत कर छुटको व्यवस्था गर्नुपर्ने समुदायको माग रहेको छ
- प्रदेश सरकारले अन्तरजातीय विवाह प्रोत्साहन रकम कार्यक्रम शुरुवात गर्ने
- अन्तरजातीय विवाह कै कारण विस्थापितहरूको पुर्नस्थापनाका लागि उचित आर्थिक सहयोग प्याकेज कार्यक्रम सञ्चालन गर्ने
- वादी समुदायको उत्थान र विकासका लागि प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयको सचिवको अध्यक्षतामा अधिकार प्राप्त समिति तथा कोषको गठन गर्ने पर्ने
- सरकारहरूद्वारा गठन गरिने विभिन्न आयोग, समिति, प्रतिष्ठान वा निकायमा वादीहरूको प्रतिनिधित्व हुने व्यवस्था गर्ने
- वादी समुदायका व्यक्तिहरूलाई वादी परिचयपत्र वितरण गर्ने र वादी समुदायको लागि परिचयपत्रबमोजिम शिक्षा, स्वास्थ्य, विद्युत महसूल, कर र यातायात क्षेत्रमा निश्चित समयका लागि छुटको व्यवस्था गर्ने
- वादी समुदायको नेतृत्व विकास र राज्यका विभिन्न अङ्गहरूमा वादी समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ठोस र परिणममुखी कार्य गर्नु पर्ने

## ३.२ सुझाव तथा सिफारिसहरू

नेपालको सामाजिक संरचनामा १२५ जातजाति मध्ये वादी समुदाय सीमान्तकृत, पिछडिएको, विभिन्न तवरले उत्पीडित, बहुविपन्न र सामाजिक विकासको मूलधारबाट टाढा रहेको

जाति/समुदायको रूपमा रहेको देखिन्छ । चरम गरीबी, चेतनाको कमी, न्यून आत्मबल जस्ता कारणबाट यो समुदाय सीमान्तकृत हुन बाध्य हुदै गएको पाइएको छ । अध्ययनको क्रममा वादी समुदायसँग सम्बन्ध राख्ने गरी पहिचान भएका माथिका समस्याहरू समाधान हुन आवश्यक देखिन्छ । कर्णाली प्रदेशका वादी समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक लगायत सम्पुर्ण क्षेत्रमा विकास तथा उत्थानका लागि सङ्घ, प्रदेश सरकार तथा स्थानीय सरकारबाट तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन रूपमा नीतिगत, योजना र समष्टिगत कार्यक्रम प्याकेजहरूलाइ कार्यान्वयनमा ल्याउन जरुरी देखिन्छ । उपर्युक्त विषयहरूलाई सुझाव तथा सिफारिसको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क) आधारभूत विषयहरुः** वादी समुदायको उत्थान विकासका लागि सञ्चालन गरिने सबै प्रकारका कार्यक्रम तथा प्रदान गरिने सेवा सुविधाहरूलाई व्यवस्थित, प्रभावकारी बनाउन आवश्यक पर्ने साझा क्रियाकलाप नै आधारभूत विषय हो, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

(१) जैविक पहिचान (Biometric Identification) र वास्तविक समय (Real Time) को आधारमा वादी लगायत सीमान्तकृत समुदायको विस्तृत विवरणसहितको तथ्य तथा सूचना प्राप्त हुन सक्ने गरी सूचना प्रविधिमा आधारित एप्लिकेशन बनाइ चुस्त दुरुस्त अभिलेख प्रणाली स्थापित गरिनु पर्दछ । यसै अभिलेख प्रणालीबाट प्राप्त तथ्य तथ्याङ्कको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहले नीति, योजना तथा कार्यक्रम लागु गर्नु वैज्ञानिक र व्यवहारिक हुन्छ । यस प्रकारको अभिलेख प्रणालीबाट वादी लगायत सीमान्तकृत समुदायको सबै विषयमा जानकारी प्राप्त भई सोही आधारमा उचित र प्रभावकारी योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सकिन्छ । वैज्ञानिक अभिलेख प्रणालीका कारण वादी लगायत सीमान्तकृत समुदायका मानिसहरूको यथार्थ अवस्था एकिन गर्न सकिन्छ । व्यवस्थित अभिलेख प्रणालीका कारण राज्यबाट प्राप्त भएको वा हुने सेवा सुविधाको सबै जानकारी प्राप्त हुने हुँदा दोहोरोपन हटी कार्यक्रम प्रभावकारी हुन्छ । वादी लगायत सीमान्तकृत समुदायको लागि काम गर्ने सबै निकायहरूले यो अभिलेखको आधारमा आ-आफ्नो कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुने देखिन्छ । यो अभिलेख प्रणाली सिर्जनाका लागि राष्ट्रिय परिचयपत्र नम्वरलाई प्रमुख आधार बनाउन सकिन्छ । यो अभिलेख प्रणालीबाट वादी समुदायको प्रोफाइल वास्तविक समयको आधारमा निर्माण हुन सम्भव हुन्छ ।

(२) आर्थिक तथा भूमिको स्वामीत्व अवस्थाको आधारमा वर्गीकरण गरेर वादी समुदायका मानिसहरूको लागि वर्गीकरण सङ्केत अनुसारको परिचय पत्र वितरण गर्ने । उक्त परिचयपत्र धारकको अवस्था परिवर्तन सँगै परिचयपत्र वर्गीकरणको सङ्केत समेत परिवर्तन गर्ने र सोही आधारमा सरकारबाट प्रदान गरिने सेवा सुविधा वितरण गर्ने वा प्रकृति मिल्दो कार्यक्रममा सहभागी गराउने व्यवस्था गर्ने । यस प्रकारको व्यवस्था भएमा कुनै सेवा सुविधा एक पटक प्राप्त भए पछि दोहोरो नपर्ने र कार्यक्रम प्रभावकारी बनाउन मद्दत पुग्ने देखिन्छ । सिमित श्रोत साधनको अति उत्तम परिचालन सम्भव हुन्छ ।

(३) कुनै पनि समुदायले आफ्नो विकास आफै गर्नु नै आत्मनिर्भर र दिगो विकासको प्रमुख आधार हो । समुदायले आफ्ना मूलभुत समस्याहरू आफै पहिचान एवं महसुस गरेर समाधानका लागि उपलब्ध अवसर तथा श्रोतहरूको आफै खोजी गरी तीनको परिचालनमा आफुहरूले नै नेतृत्त्व र कार्यान्वयन गर्ने अवसर पाएमा मात्र समुदायको समग्र विकासमा अपनत्व, स्वामित्व अनि जिम्मेवारी बहन गर्ने अवस्था सिर्जना हुन्छ । विकास हाम्रो लागि हामी आफैले गर्नु पर्दछ भन्ने भावना जागृत नभएसम्म विकास दिगो र प्रभावकारी हुँदैन । उपर्युक्त प्रकारको आत्मनिर्भर समुदाय विकासको प्रणालीले मात्र सीमान्त अवस्थामा रहेका समुदायहरू वास्तविक रूपमा माथि उठ्न सक्दछन् । समुदायको समग्र विकासका लागि उनीहरूमा सामुहिकताको भावना जागृत हुनु जरुरी हुन्छ । माथि उल्लेखित समुदाय विकासको प्रणाली सहकारी अवधारणामा पाइन्छ । सबै प्रकारको सेवा सुविधा वा सहयोग वा टेवा सधैभरी कसैले पनि उपलब्ध गराउँन सक्दैन । आफैमा आउने सशक्तीकरणले मात्र समुदायको आत्मवल बलियो हुन्छ । समुदायका प्रत्येक सदस्यमा सशक्तीकरण ल्याउने महत्वपूर्ण अवधारणा सहकारी प्रणालीभित्र रहेको पाइन्छ । समविकास समाजवाद उन्मुख अर्थतन्त्रको प्रमुख आधार हो ।

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको लागि सहकारी प्रणाली अपनाउनु पर्ने विषयलाई हाम्रो संविधानले मार्गदर्शन

गरेको छ । सहकारीका विश्व व्यापी साझा मूल्य र सिद्धान्तहरू समुदायका मानिसहरूमा सशक्तीकरण ल्याउन सफल भएका धेरै उदाहरणहरू हामी वरिपरि छन् । सहकारी अवधारणा समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका सबै पक्षमा काम गर्ने एक उपयुक्त प्रणाली हो । सहकारी प्रणाली भित्र रहेका सुन्दर विशेषताहरूलाई अवलम्बन गर्न गराउन सकिएमा वादी समुदायमा रहेका धेरै समस्याहरू वास्तविक रूपमा समाधान गर्न सम्भव हुने देखिन्छ । यसका लागि भौगोलिक, व्यवसायिक, पेसागत, आर्थिक, सामाजिक तथा सामुदायिक आपसी सामीप्यताको आधारमा सर्वप्रथम वादी समुदाय सम्मिलित सहकारी संस्थाहरू गठन गर्नु पर्दछ वा उनीहरूको विश्वास रहेको सहकारीमा समुदायलाई आवद्ध गराउन उत्प्रेरित गर्नु पर्दछ । उक्त सहकारी गठन गर्नु पूर्व वादी समुदायमा सहकारी शिक्षा तथा तालिम प्रदान गरी सहकारीको आवश्यकता बोध गराउनु पर्दछ । यस पश्चात सहकारी प्रणालीबाट उनीहरूको समुदायमा रहेको सम्भावनाहरूमा आधारित रही सञ्चालन गर्न सकिने कृषि खेती, श्रमिक सामूहिकता, वस्तु तथा सेवा उपभोगमा सहकारिता, वित्तीय शिक्षा तथा पहुँचमा सहकारिता लगायतका विषयमा प्याकेज रूपमा तालिम तथा वस्तुगत सहायता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ। उनीहरूमा उद्यमशिलता प्रवर्धनका लागि MEDPA (गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम) मोडलमा सहकारी मार्फत तालिम तथा अन्य कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ । वादी समुदायमा रहेको भूमीहिनता, आर्थिक, सामाजिक, सांस्कृतिक, आय आर्जन, जीविकोपार्जन, स्वास्थ्य, शिक्षा, नेतृत्व विकास जस्ता क्षेत्रमा रहेका सबै किसिमका समस्याहरूलाई प्रभावकारी रूपमा समाधान गर्न वादी समुदायहरू सम्मिलित वा आवद्ध सहकारी मार्फत नै सबै कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ ।

यसबाट उनीहरूमा सबै प्रकारका कार्यक्रम प्रति अपनत्व, स्वामित्व, जिम्मेवारी एवं उत्तरदायित्वको बोध हुनेछ । सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थाका सबै कार्यक्रम वादी समुदाय सम्मिलित वा आवद्ध सहकारी संस्था मार्फत नै सञ्चालन गरिनु उपयुक्त हुन्छ । स्थानीय तह, प्रदेश र सङ्घका सहकारी सम्बन्धी सरकारी कार्यालय वा शाखाले सबै सहकारीहरूको अनुगमन, नियमन, सहजीकरण र प्रबर्द्धन गर्नु पर्ने कानूनी व्यवस्था समेत रहेकाले वादी सम्मिलित वा आवद्ध सहकारी संस्थालाइ दिगो बनाउन सम्बन्धित सरकारी निकायसँगको आवद्धताको कुनै अभाव हुने देखिदैन । साथै उक्त सहकारीको सम्पूर्ण विवरण सरकारी निकायको अभिलेखमा रहन्छ । यसले गर्दा कार्यक्रमहरूमा हुने दोहोरोपन हट्छ । उक्त सहकारीका कारण वादी समुदायले आफ्नो समुदायको लागि आफैले नेतृत्व गर्दै काम गर्नु पर्ने अवस्था सिर्जना हुन्छ । माथि उल्लेखित सहकारी प्रणालीका आधारभूत विशेषताहरूका कारण वादी समुदाय सम्मिलित सहकारी संस्थाहरूको गठन, नियमन, प्रवर्धन र सोही सहकारी मार्फत वादी समुदायका समग्र समस्या समाधान गर्ने सबै प्रकारका कार्यक्रम सञ्चालन गर्नु नै उपयुक्त हुने देखिन्छ ।

ख) **भूमि सम्बन्धी विषयहरुः** भूमिबिहीनता, सुकुम्वासी, अति विपन्नता र आयआर्जन विमुखता वादी समुदायको भूमि सम्बन्धी प्रमुख समस्या हुन् । वादी समुदायले विगत लामो समयदेखि आवाससहितको खेतीयोग्य जमिन उपलब्ध हुनु प्रर्ने प्रमुख माग राख्दै आएको देखिन्छ । नेपालको संविधानको धारा ४० (५ र ६) ले पनि दलित समुदायलाई एकपटक कानून बमोजिम जग्गा उपलब्ध गराउने साथै आवास विहीनलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्ने उल्लेख गरेको छ । कर्णाली प्रदेशका ६ वटा जिल्लाका विभिन्न स्थानमा गरिएको स्थालगत अध्ययनमा पनि अधिकांश वादीहरूको मुख्य माग आवास सहितको खेतीयोग्य जमिन उपलब्ध हुनु पर्ने रहेको थियो । त्यसैले कर्णाली प्रदेशमा वादी समुदायलाई जमिन उपलब्ध गराउने सवालमा मिश्रित पद्धति अवलम्बन गर्नुपर्ने देखिन्छ । भूमि सम्बन्धी समस्या समाधान गर्न निम्नानुसारका विषयहरूलाइ बुँदागत रूपमा उल्लेख गरिएको छ :

१. सरकारी, पर्ती, ऐलानी, वनको जग्गामा बसोबास गरेका वादी समुदायलाई राष्ट्रिय भूमि आयोगमार्फत आवश्यक कार्ययोजना, मापदण्ड, कार्यविधि, कार्यतालिका र प्रणालीहरू तय गरी पुर्नस्थापना गर्नु पर्ने,

२. संघ सरकार तथा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारले आपसमा आवश्यक समन्वय गरी राष्ट्रिय भूमि आयोग मार्फत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको आवास र भूमिमाथिको

पहुँच र अधिकार स्थापित गर्ने विषयहरूलाई कार्यान्वयन गर्ने,

३. आफ्नै नाउँमा जग्गा भएका तर आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सकिने क्षेत्रफल वा परिमाणको माग बमोजिमको जग्गा नभएकाहरूलाई पनि क्रमशः छानविन गरी समानताको लागि समान वितरणको सिद्धान्त बमोजिम अव्यवस्थित र भूमिहीनहरूको व्यवस्थापन र पुर्नस्थापनाको व्यवस्था भएपछि प्राथमिकतामा राखी आवश्यक व्यवस्था गर्ने,

४. राष्ट्रिय भूमि आयोग, सम्बन्धित स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा घुमन्ते जीवन बिताइ रहेका, भूमिहीन सुकुम्वासी, अरुको निजी जग्गामा बसोवास गरेका वादी समुदायलाई सम्भव भए सम्म एकै ठाँउमा एकीकृत नमुना बस्ती बनाएर आवाससहित खेतीयोग्य जमिन उपलब्ध गराउने । एकै ठाँउमा व्यवस्थापन गर्न नसकिए एउटै जिल्लाको उपयुक्त स्थानहरूमा बसोबास हुने व्यवस्था मिलाउने । एकीकृत नमुना बस्ती भित्र आधारभूत सेवा शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत उपलब्ध गराउने,

५. रोजगारीको संभावना शहरी क्षेत्रमा हुने र शहरी क्षेत्रमा जग्गाको मूल्य उच्च हुने भएकाले वादी समुदायको लागि शहरी क्षेत्रमा सरकारले सुलभ भाडा दरको सरकारी अपार्टमेन्ट वा घरहरू बनाइ वसोबासको प्रबन्ध गर्दा उपयुक्त हुने देखिन्छ । यस प्रकारको अपार्टमेन्ट वा घर प्रयोग गरेर वादी समुदायका मानिसहरूले शहरी क्षेत्रको रोजगारीमा संलग्न भई आम्दानी गरेर आफ्नो स्थायी वसोवासको प्रवन्ध आफै समेत गर्न सक्षम हुन सक्ने देखिन्छ ।

६. सरकारले वार्षिक रूपमा बजेट तथा कार्यक्रमको व्यवस्था गरी वादी समुदायका भूमिहीन सुकुम्वासीहरूको लागि न्यूनतम किस्ता दर र लामो समयावधिको योजनामा वसोबास प्रबन्धको लागि जग्गा तथा घरको प्रबन्ध गर्न उपयुक्त हुने देखिन्छ ।

७. वादी समुदायको कुनै व्यक्ति वा समूहले खेतीयोग्य जमिनहरू आफै प्रबन्ध गरेर व्यवसायिक खेती गर्न चाहेमा निश्चित समयको लागि उक्त जमिनको भाडा सरकारले अनुदान कार्यक्रम मार्फत उपलब्ध गराइ उनीहरूलाई व्यवसायिक खेतीमा संलग्न गराउन सकिन्छ। यस प्रकारको व्यवसायिक खेतीबाट आय आर्जन गरी वादी समुदायका मानिसहरूले आफ्नो लागि स्थायी वसोवासको प्रबन्ध गर्न स्वयम् सक्षम हुनेछन् ।

८. राज्यले कृषियोग्य जमिन खरिद गरेर उक्त जमिन राज्य कै स्वामित्वमा राखी कृषि उत्पादन तथा प्रशोधनका व्यवसायहरू सञ्चालन गर्न लामो अवधिको लागि जग्गा लिज (ठेक्का) मा दिने एक अर्को उपयुक्त तरिका हुने देखिन्छ ।

९. वादी समुदाय सम्मिलित सहकारी मार्फत सहकारी प्रणालीमा सामूहिक खेती गर्ने प्रकारको ठोस प्रस्ताव वादी समुदायबाट प्राप्त भएमा उक्त जमिनको भाडा, प्रविधि तथा अन्य वस्तुगत सहायतामा सरकारले अनुदान लगायतका कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ। यस प्रकारको खेती व्यवसायबाट आय आर्जन गरी उनीहरूले आफ्नो लागि स्थायी वसोवासको प्रबन्ध आफै गर्न सक्षम हुनेछन् ।

१०. भूमिहीन वादी समुदायका ब्यक्तिलाई भविष्यमा कुनै समयमा बसोबासका लागि राज्यबाट घरजग्गा प्राप्त हुन्छ भन्ने आशा वा लोभमा कमाउन सक्ने वा आय आर्जन राम्रो भएकाहरूले आफुले कमाएको रकमबाट अन्य जातिको मानिसहरूको नाममा जग्गाहरू खरिद गरेर राखेको समेत सुनियो । यसबाट उनीहरूलाइ स्वामित्व सम्बन्धी भविष्यमा जोखिम हुन सक्ने देखिन्छ। तसर्थ आय आर्जन राम्रो भएका वा कमाउन सक्ने क्षमता भएका वादीहरूले आफ्नै नाममा जग्गाहरू खरिद गरुन भन्ने उद्देश्यका लागि रजिष्ट्रेशन छुट वा अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ ।

११. प्रचलित वन सम्बन्धी कानून बमोजिम कबुलियती तथा निजी वनमा वादी समुदायलाई व्यवसायिक आय आर्जनका खेतीहरू गर्न अवसर प्रदान गर्न विशेष प्राथमिकता दिनुपर्ने नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

१२. पानीको मूल भएका वा वर्षातको पानी सङ्कलनबाट कुनै सार्वजनिक क्षेत्रमा ताल तलैयाको विकास गर्न सकिने सम्भावना भएको भएमा उक्त क्षेत्रमा विकास हुने साझा ताल तलैयालाई वादी समुदाय सम्मिलित सहकारी मार्फत माछा पालन, नौका विहार तथा पर्यटनको क्षेत्रमा उनीहरूलाई संलग्न गराउन उपयुक्त हुने देखिन्छ। यसबाट आय आर्जन गरी उनीहरूले आफ्नो लागि स्थायी वसोवास तथा जीविकोपार्जन गर्ने अवस्था सिर्जना हुन सक्दछ।

ग) **शिक्षा सम्बन्धी विषयहरु:** वादी समुदायको समग्र विकासका लागि उनीहरूको शिक्षामा सहज, सरल पहुँच हुनु आवश्यक छ। वादी समुदायका बालबालिकाहरू अहिले पनि शिक्षा पाउनबाट वञ्चित रहेका देखिन्छन्। नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था छ। प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउनु पर्ने व्यवस्था गरेको छ। चरम गरीबीका कारण वादी समुदायका ठूलो सङ्ख्याका विद्यालय जाने उमेर समूहका बालबालिका विद्यालय बाहिर रहन बाध्य देखिन्छन्। उनीहरू दैनिक जीविकोपार्जनका लागि स्वदेश तथा विदेशमा भरिया र घरेलु कामदारको रूपमा काम गर्न विवश भएको पाइन्छ। यस समुदायको शिक्षामा पहुँच बढाउनको निमित्त देहाय बमोजिमको व्यवस्था हुन सिफारिस गरिएको छ :

१. घुमन्ते, वादी परिवारका बालबालिकाहरूलाई स्थानीय तहबाट संरक्षण केन्द्रहरू (छात्र/छात्रावास) स्थापना/सञ्चालन गरी तिनीहरूको शिक्षा र भरणपोषणको व्यवस्था गर्न सकिएमा प्रभावकारी हुने देखिन्छ।

२. बालश्रममा लागेका, विभिन्न अभावले विद्यालय छोडेका र छोड्न सक्ने विद्यार्थीको पहिचान गरी उनीहरूलाई छुट्टै छात्रवासको व्यवस्था गरी गुणस्तरीय शिक्षा प्रदान गर्दा प्रभावकारी हुने देखिन्छ।

३. वादी समुदायका अधिकांश बालबालिकामा १० कक्षामा पुगे पछि अध्ययन छाड्ने समस्या रहेकोले सो समाधान गर्न प्रदेश र स्थानीय सरकारबाट छात्रवास सहयोग (Hostel-based Support) तथा घरमा नै सहयोग गर्ने (Home-based Support) अवधारणा अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा उपयुक्त हुने देखिन्छ।

४. वादी समुदायका बालबालिकाको शिक्षामा पँहुच स्थापित गर्न प्रदेश तथा स्थानीय सरकारको समन्वयमा सार्वजनिक वा सामुदायिक विद्यालय छनौट गरी अनुदान लगायतका कार्यक्रममार्फत विद्यालय तहमा आवासीय सुविधा सहित निःशुल्क खानबस्नको व्यवस्थाका साथै उच्चशिक्षामा वादी विद्यार्थीहरूलाई किताव, कापी लगायतका अध्ययन सामग्रीमा सहयोग गर्दा उपयुक्त हुने देखिन्छ।

५. उच्च शिक्षामा प्राविधिक तर्फ डाक्टर, पाइलट, इन्जिनियर, चाटर्ड एकाउन्टेन्ट, कृषि र पशु विज्ञ लगायतका क्षेत्रहरूमा योग्यता र क्षमता अनुसार वादी समुदायका विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति प्राप्त गर्न उनीहरूको क्षमता बृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्दा उपयुक्त हुने देखिन्छ।

घ) **आय-आर्जन र जीवनस्तर सुधार सम्बन्धी आर्थिक विकासका विषयहरु:** सिप विकास र स्वरोजगारी जीवनस्तर सुधारका आधारभूत क्षेत्र हुन। यसमा सहयोग पुग्ने कार्यक्रमहरूको कार्यान्वयन मूलभूत पक्ष हो। दैनिक जीवनयापनका लागि समेत भरपर्दो स्रोत नभएका यस समुदायका अधिकांश व्यक्तिहरू स्वदेश तथा विदेश (भारत) मा न्यूनतम ज्यालामा मजदुरी गर्न गएको पाइएको छ। बजार सापेक्ष स्थानीय श्रोतसाधन र सम्भावना प्रयोग गरी यो समुदायका मानिसहरूलाई आय-आर्जन र उद्यम विकासमा संलग्न गराउन सकिन्छ। रोजगारमूलक तथा पेसा सम्बद्ध सिपमा आधारित तालिमबाट पेसागत रोजगारीको सुनिश्चितता हुने अवस्था सिर्जना गरी आयआर्जन र जीवनस्तरमा सुधार ल्याउन देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिएको छः

१ वादी समुदायले परम्परागत पेसाको रूपमा अपनाउँदै आएको सिप (मादल तथा वाद्यवादनको सामग्री, जाल बुन्ने/बनाउने, हसिँया, चुपी र टरिया बनाउने कार्य लोप हुँदै गएको छ। जसमध्ये हाल पनि उच्च माग रहेका सामग्रीहरूको पुनरुत्थान गर्न आवश्यक कच्चा पदार्थ र श्रोत, साधनमा बढाएर पुर्‍याई आधुनिक प्रविधिको सहुलियतपूर्ण व्यवस्था र सिपको आधुनिकीकरण गर्न

तालिम र सहुलियतपूर्ण ऋणको उपलब्धता प्रदान गर्न उपयुक्त हुने देखिन्छ,

२ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) एवं सरोकारवालाहरूसँगको सहकार्य तथा सहकारितामा आधारित गरी वादी समुदायका युवाहरूलाई, स्वरोजगारी सृजना गर्ने, लघुउद्यमशील गराउने प्रकृतिका तालिम जस्तै प्रत्यक्ष एवं बजारमा माग बढी भएका तथा रोजगार दिने खालका डकर्मी, सिकर्मी, कार्पेन्टर, पेन्टर, कवल स्टोन पेभमेन्ट, पशुपालन, केश काट्ने, ड्राइभिङ, वाइरिङ्ग इलेक्ट्रिसियन, इलेक्ट्रोनिक्स, बेमौसमी तरकारी खेती, माछापालन जस्ता विषयमा तालिम र बिना धितो (सामुहिक जमानत) मा सहुलियतपूर्ण ऋण प्रदान गर्ने कार्यक्रम प्रभावकारी हुने देखिन्छ।

३ सार्वजनिक सेवाका क्षेत्र (निजामति सेवा, सेना, प्रहरी, वित्तीय क्षेत्र, संस्थान, शिक्षा आयोग लगायत) मा प्रवेशका लागि पूर्व तयारी लगायतका आवश्यक कक्षा सञ्चालनका लागि बजेटको व्यवस्था गरिनु पर्ने देखिन्छ,

४ सुरक्षित र सम्मानजनक वैदेशिक रोजगारीको लागि विदेशमा माग भए बमोजिम निःशुल्क तालिमको व्यवस्था गर्ने। वैदेशिक रोजगारीमा निश्चित कोटाको व्यवस्था मिलाउने र वैदेशिक रोजगारमा जाँदा लाग्ने खर्चको लागि बैङ्कमार्फत् बिना धितो ऋण पाउने व्यवस्था गर्ने,

५ वादी समुदायमा उद्यमशीलता विकास गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने। वादी समुदायले उत्पादन गरेका बस्तुहरूको बजारीकरण प्रभावकारी नहुँदा सम्मको लागि लागत सहयोग कार्यक्रम सञ्चालन गरी उनीहरूको सिप र कलालाई प्रर्वद्धनको लागि सहुलियत प्रदान गर्ने,

६ बजार मागमा आधारित ज्ञान, सिप र क्षमता विकास गरी वादी समुदायको गरिबी निवारणमा ठोस योगदान दिने परिणाममुखी कार्यक्रमहरू सञ्चालन गर्ने,

७ निजी क्षेत्रको सामाजिक उत्तरदायित्व निर्वाह अन्तर्गत उनीहरूको व्यवसायिक क्षेत्रमा वादी समुदायलाई रोजगारी प्रदान गर्ने विषयमा नीतिगत व्यवस्था गर्ने,

८ वादी समुदायमा रहेको ज्ञान, सिप, कला, क्षमतालाइ बजार संग आवद्ध गराउन निजी क्षेत्रसँग सहकार्य गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन हुनु पर्ने,

माथि उल्लेखित सिफारिसका अतिरिक्त निम्न प्रकारको सिर्जनशील उपायहरू अवलम्बन गर्न उपयुक्त हुने देखिन्छ,

९ वादी समुदाय सम्मिलित सहकारीहरूमा घुम्ती बीउ पूँजीकोष स्थापना गर्न कार्यक्रम सञ्चालन गर्ने। यस कोषमा जम्मा हुन आएको रकम मास्न वा खर्च गर्न नपाउने तर सदस्यहरू बिचमा विपन्नता सूचकलाई प्राथमिकताको पहिलो आधार बनाइ उनीहरूमा न्यून व्याजदरमा क्रमशः ऋण परिचालन गरी सबै लाभान्वित हुन पाउने प्रक्रिया निर्धारण गर्ने। आफ्नै सहकारीबाट यसरी प्राप्त हुने सहुलियत ब्याजदरको ऋणले उनीहरूलाई व्यवसायिक विकास गर्न ठूलो मद्दत पुग्नेछ। साथै आफ्नै सहकारी भएका कारण ऋण सदुपयोग भई वित्तीय अपचलन सम्बन्धी समस्या आउँदैन।

**ङ) सामाजिक तथा साँस्कृतिक विषयहरुः** वादी समुदायको स्थलगत अध्ययन हेर्दा यो समुदाय दलितभित्र पनि जातीय आधारमा छुवाछुत, भेदभाव, बहिष्करण र बञ्चितीमा परिरहेको देखिन्छ। वादी समुदायलाई हेर्ने सामाजिक दृष्टिकोण सकारात्मक रहेको पाइदैन। वादी समुदायलाई सामाजिक तथा साँस्कृतिक रूपमा सम्मानपूर्ण जीवनयापनको लागि सचेतना तथा सशक्तीकरणका निम्न प्रकृतिका कार्यक्रम सञ्चालन गर्नको लागि सिफारिस गरिएको छ :

१. छुवाछुत, घरेलु हिंसा, बलात्कार, उत्पीडन लगायत अन्य सामाजिक हिंसाका घटनाहरूबाट पीडित वादी समुदायलाई कानूनी उपचार दिलाई न्याय दिलाउने तथा बालबालिका, महिला तथा अशक्तहरूको लागि पूर्नस्थापना प्याकेज कार्यक्रमको व्यवस्था गर्ने,

२. सामाजिक विभेद, छुवाछुत लगायतका सामाजिक अपराध गर्नेहरूलाई कडा कारवाही गर्ने,

३. वादी समुदाय सम्मिलित सहकारीहरूमा सामाजिक कल्याण सहयोगार्थ अक्षय कोष स्थापना गर्न कार्यक्रम सञ्चालन गर्ने। यस प्रकारको कोष सहकारीले आफ्ना सदस्यहरू बिचमा परिचालन गर्दछ र कोष परिचालन गरे वापत ब्याज प्रदान गर्दछ। कोष परिचालन गरे वापत प्राप्त हुने ब्याजको दश प्रतिशत पूनः अक्षय कोषमा जम्मा गरी कोषलाई स्वतः वृद्धि गर्दै जाने र बाँकी नब्बे प्रतिशत रकमबाट वादी समुदायको सामाजिक, साँस्कृतिक विकासका काममा उपयोग गर्ने। यस

प्रकारको कोषका कारण सहकारीले बलियो वित्तीय श्रोत प्राप्त गर्दछ भने वादी समुदायहरू आफ्नो सामाजिक, साँस्कृतिक विकास गर्न क्रमशः आत्मनिर्भर बन्दै जान्छन। यो कोष परिचालन वा सञ्चालन गर्ने कार्यविधि बनाइ सहकारीले सोही आधारमा कोषको सदुपयोग गर्ने भएकाले यो उपयोगी एवं प्रभावकारी हुने देखिन्छ। यस प्रकारको कोषहरू स्थापना र सञ्चालन हुन सकेमा क्रमशः सरकारलाई आर्थिक भार कम हुन जानेछ।

**च) स्वास्थ्य सम्बन्धी विषयहरुः** वादी समुदाय चरम गरीवी, अज्ञानता, अशिक्षा, रूढिवादी सोच जस्ता कारणले राज्यबाट निःशुल्क प्रदान गरिने स्वास्थ्य सेवाको पहुँचबाट समेत बाहिर रहेको देखिन्छ । यस समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउनका लागि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिएको छः

१. वादी समुदायका लागि निःशुल्क स्वास्थ्य वीमा, औषधी उपचार सहितको व्यवस्था गर्ने,
२. गैरसरकारी सङ्घसंस्था र सरकारी निकायबाट उपलब्ध गराइने आधारभुत तथा विशेष स्वास्थ्य सेवा लगायतका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
३. अधिकांश वादी समुदायका मानिसहरू स्वच्छ खानेपानी तथा आधारभूत सरसफाई सेवाको पहुँच बाहिर रहन बाध्य देखिन्छन्। चरम गरीवी एवं स्वास्थ्य सेवामा न्यून पँहुचको कारण बालबालिका र वयस्कहरूमा कुपोषणको कारणबाट हुने विभिन्न रोगबाट प्रभावित भएको देखिन्छ। यसका लागि, प्रदेश सरकार तथा स्थानीय तहबाट स्वच्छ खानेपानी, सरसफाई र पोषण सम्बन्धी आवश्यक चेतनामूलक तथा सहयोग कार्यक्रम सञ्चालन गर्ने,
४. सङ्घ, प्रदेश र स्थानीय सरकार तथा गैरसरकारी सङ्घसंस्थाहरू बिचको समन्वयमा वादी समुदायमा समय समयमा विशेषज्ञसहितको एकीकृत घुम्ती स्वास्थ्य टोली खटाई निःशुल्क चेकजाँच तथा उपचार कार्यक्रम सञ्चालन गर्ने।

**छ) अन्य सिफारिस**

१. संघीय सरकार तथा प्रदेश सरकार र वादी समुदाय बिच विभिन्न समयमा भएका सम्झौताहरू, अध्ययन कार्यदलका प्रतिवेदनहरू, सर्वोच्च अदालतका आदेशहरू प्राथमिकताको आधारमा तीन तहको सरकारबाट कार्यन्वयन गर्ने,
२. वादी समुदायका बालिका एंव महिलाले भोग्नु परेको दोहोरो जातीय भेदभाव, यौन हिंसा, उत्पीडन र पीडाको अन्त्य गर्न प्रदेश सरकार तथा स्थानीय तहले पुर्नस्थापनाको प्याकेज कार्यक्रम सञ्चालन गर्नु पर्ने,
३. कर्णाली प्रदेश भित्र रहेका वादी समुदायको वास्तविक जनसङ्ख्या र अवस्थाबारे प्रदेश सरकारले वर्गीकृत तथ्याङ्क सङ्कलन गरी सोहीबमोजिम थप कार्यक्रम सञ्चालन गर्ने,
४. वादी समुदायको उत्थान, विकाससँग सम्बन्धित सबै किसिमका कार्यक्रमहरू एकद्धार पद्धतिबाट स्थानीय तहसँग दोहोरो नपर्ने गरी कार्यान्वयन गर्ने,
५. वादी समुदायमा वित्तीय साक्षरता सम्बन्धी तालिम तथा शैक्षिक अभियानहरू सञ्चालन गर्ने,
६. वादी समुदायको कला, संस्कृतिसँग सम्बन्धित सङ्ग्रहालय तथा पुस्तकालयको अवधारणालाई पर्यटन तथा व्यवसायिक पर्यटन विकासका दृष्टिकोणले आय आर्जनसँग आवद्ध गराउदा उपयुक्त हुने

## ३.३ निष्कर्ष

जनसङ्ख्याको हिसावले अल्पसङ्ख्यक, सामाजिक संरचनाअनुसार दलितभित्र पनि अछुतको व्यवहार भोगिरहेको, घुमन्ते जीवनशैली अपनाउन बाध्य वादी समुदाय अवसरहरूबाट बञ्चित, सीमान्तकृत, पीडित जातिहरूको समुदायको रूपमा रहेको देखिन्छ। जनगणना २०६८ बमोजिम वादीहरूको कुल जनसङ्ख्या ३८,६०३ रहेको छ। सात प्रदेशहरूमा सुदुरपश्चिममा सबैभन्दा बढी १०,७८६ जनसङ्ख्या रहेको देखिन्छ भने सबैभन्दा कम मधेश प्रदेशमा ५३६ जना वादीहरू रहेको देखिन्छ।

कर्णाली प्रदेशमा जम्मा ५,६१२ जना वादीहरू रहेका देखिन्छन् । आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक लगायतका क्षेत्रमा वादी जाति पछाडि रहेको अवस्था पाइन्छ। वादी समुदायले विगत लामो समय देखि छाना, नाना र खानाको लागि सङ्घर्ष गर्दै आइरहेको देखिन्छ। २०६४ सालमा काठमाडौंमा भएको वादी समुदायको संवेदनशील आन्दोलनका कारण राज्यले वादी समुदायका समस्या समधानका लागि विभिन्न कार्यदल बनाएर समस्याहरूको पहिचान गरेको थियो तर कार्यान्वयन सन्तोषजनक रहन नसकेको समुदायको जिकिर रहेको देखिन्छ। त्यसैगरी २०७७ सालमा कर्णाली प्रदेश सुर्खेतमा विभिन्न माग राख्दै आन्दोलन भएको थियो।

वादी समुदायको जमिन हुने र नहुने, आयआर्जनको पेसा वा व्यवसाय, राज्यबाट प्राप्त सेवा सुविधा जस्ता विषयहरूमा प्रमाणित अभिलेख प्रणालीबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा वादी समुदायको उत्थान र विकासका लागि भूमि व्यवस्थापन एवं एकिकृत नमुना वस्ती लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ। अति विपन्न गरीव घर परिवार पहिचान गरी परिवार सङ्ख्याको आधारमा आवास संगै खेतीयोग्य जमिन उपलब्ध गराउन आवश्यक देखिन्छ।

त्यसैगरी आधारभूत शिक्षा प्रदान गर्नको लागि विद्यार्थी र अविभावकहरूलाई सहुलियतपूर्ण कार्यक्रममा जोड्न आवश्यक देखिन्छ। वादी समुदायलाई लक्षित गरी उच्च शिक्षामा आवासीय सुविधा सहितको निश्चित छात्रवृत्ति कार्यक्रम प्रभावकारी हुन सक्दछ। राज्यबाट सञ्चालन गरिएका लक्षित कार्यक्रम अन्तर्गत दलित लक्षित वर्ग कार्यक्रममा वादी समुदायको पहुँच न्यून रहेको पाइन्छ। वादीलाई दलित भित्र एउटै डालोमा राख्नु भन्दा छुट्टै विशेष व्यवस्था गर्नु पर्ने उक्त समुदायबाट जोडदार माग रहेको पाइन्छ। वादी समुदायको आफ्नै नेतृत्व र सहभागितामा कार्यक्रम सञ्चालन हुने प्रणाली प्रभावकारी हुने अध्ययनको निचोड रहेको छ। वादी समुदाय लक्षित कार्यक्रमहरूमा उनीहरूको स्वामित्व स्थापित हुने अवधारणा उपयुक्त हुने देखिन्छ। प्रतिवेदनले समेटेका विषय तथा सिफारिसहरूलाई मनन् गर्दै सम्बन्धित सबै पक्षबाट प्रभावकारी कार्यान्वयन गर्नु नै वादी समुदायको समग्र समुन्नतिको महत्वपूर्ण आधार हुनेछ भन्ने विश्वास लिइएको छ।

## अनुसूचीहरु

### कर्णाली प्रदेश सरकार तथा वादी समुदाय संर्घष समिति विच भएको ५ बुंदे सहमति

१. प्रदेश सरकारको कार्यक्षेत्र नभएको हुदा जमिन उपलब्ध गराई दिन प्रदेश सरकार, मन्त्री परिषदवाट निर्णय गरी नेपाल सरकारलाई अनुरोधका साथै आवश्यक समन्वय गर्ने ।

२. कर्णाली प्रदेशमा रहेका वादी समुदायको उत्थान र विकासका लागि दुई महिना भित्र यर्थातपरक प्रतिवेदन पेश गर्न प्रदेश सरकारले तीन सदस्यीय कार्यदल गठन गर्ने । र नाना,खाना र छाना कार्यकम अर्न्तगत वादी समुदायलाई यहि आर्थिक वर्षमा थप कार्यकम संचालन गर्ने ।

३. कर्णाली प्रदेशमा रहेका वादी समुदायको उत्थान र विकासका लागि आउदो नीति तथा कार्यकममा शिक्षा,स्वास्थ्य,रोजगारी,कला साँस्कृति,सीपमुलक तालिम तथा आयआर्जनका विषयहरु समावेस गर्ने ।

४. वादी समुदायले हाल संचालीत सवै आन्दोलनका कार्यकम फिर्ता गर्ने ।

५. वादी समुदायका युवा ब्यवसायीहरुलाई सिपमुलक तालिम तथा घुम्तीकोष खडा गरि १० लाख सम्मको ऋणमा ब्याज अनुदानको ब्यवस्था गर्ने ।

कर्णाली प्रदेश सरकारको तर्फवाट

डा.राजेन्द्र मिश्र
सचिव
भूमिब्यवस्था, कृषि तथा सहकारी

वादी संर्घष समितिको तर्फवाट

हिकमत वादी
संयोजक

आज मिति २०७९/०४/०५ गते विहिबारका दिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्रीमान् आनन्द सारुको संयोजकत्वमा बादी समुदायको उत्थान र विकासका लागि सञ्चालन गर्न सकिने क्रियाकलापहरुको पहिचान गर्ने सन्दर्भमा देहायको पदाधिकारीको उपस्थितिमा बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति :

| क.सं. | नाम थर | पद | निकाय/संस्था | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | आनन्द सारु | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| २ | सुनिता के.सी. | महिला विकास अधिकृत | सामाजिक विकास मन्त्रालय | | |
| ३ | [illegible] | राष्ट्रिय अध्यक्ष | दलित गैरसरकारी सं. महासंघ | [illegible] | |
| ४ | [illegible] | कार्यकारी निर्देशक | नेपाल पीडित सहयोग संरक्षण केन्द्र (NEPSCON) | [illegible] | |
| ५ | [illegible] | बादी [illegible] नेपाल [illegible] | बादी समुदाय [illegible] | [illegible] | |
| ६ | दिपक बादी | प्रदेश स्तरीय बादी विकास उत्थान सं.स (सचिव) | बादी विकास उत्थान समन्वय समिति | 98682302[illegible] | |
| ७ | [illegible] | का. प्रबन्धक | LWF-Nepal | 9858423025 | |
| ८ | सुस्मीता [illegible] | Resource Mobilization & Comm. officer | Lutheran World Federation (LWF) Nepal | 9851152194 | |
| ९ | Bijaya [illegible] | Country Director | [illegible] | 9803756136 | |
| १० | सरस्वती सापकोटा | शाखा अधिकृत | sapkotasaru01 @gmail.com | 9849631909 | |

निर्णय

१. बादी समुदायको उत्थान र विकासका लागी आगामी दिन सञ्चालन गर्न सकिने क्रियाकलापहरुको पहिचान गर्न गठित कार्यदलले तयार गर्ने प्रतिवेदनको तयारीका लागी आवश्यक अनुसारको सम्बन्धमा लुथरन वर्ल्ड फेडरसन नेपालसँग सहयोग लिने सन्दर्भमा आगामी दिनमा बस्ने कार्यदलको बैठकमा पेश गर्ने निर्णय गरियो।

समय : ५:१५ बजे

आज मिति २०८१ साल श्रावण महिनाको ८ गतेका दिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को हलमा बादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन पेश गर्न गठित कार्यदलका संयोजक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का सचिव श्री आनन्द सारुको अध्यक्षता र तपाईलको उपस्थितीमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

उपस्थिती

संयोजक श्री आनन्द सारु - सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सदस्य श्री राजु भुज - अधिकृत आठौं भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

सदस्य श्री सुनिता नेपाली भेरीगंगा - ४, सुर्खेत

सदस्य श्री हिम्मत बहादुर बादी

सदस्य - सचिव श्री सुनिता के. सी अधिकृत आठौं - सामाजिक विकास मन्त्रालय

आमन्त्रित

श्री सरस्वती सापकोटा - शाखा अधिकृत मु.मन्त्री मपको

श्री अनिता ढोवाली - अधिकृत आठौं - सामाजिक वि. मन्त्रालय

वादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन पेश गर्न गठित कार्यदलको बैठकका निर्णयहरुः

१. वादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन तयारीको गर्न आवश्यक प्राथमिक तथा द्वितिय श्रोतबाट यर्थाथपरक तथ्यांक संकलनका लागि निम्न कार्य गर्ने निर्णय गरियो।

१.१ केन्द्रीय तंथ्याक विभागबाट भएको राष्ट्रिय जनगणना, २०७८ मा वादी समुदायको सम्बन्धमा संकलित तंथ्याक माग गर्न केन्द्रीय तंथ्याक विभागमा पत्राचार गर्ने।

१.२ वादी समुदायको उत्थान र विकासका लागि कर्णाली प्रदेशमा संघीय मन्त्रालय/ निकायमा (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, शहरी विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र वादी विकास समिति लगायत) भए गरेका कार्यको विवरण माग गर्न पत्राचार गर्ने।

१.३ वादी समुदायको उत्थान र विकासका क्षेत्रमा काम गरिरहेका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थावाट हाल सम्म भए गरेका क्रियाकलाप, अध्ययन, अनुसन्धान, प्रतिवेदन, प्रकाशन लगायतका विवरण माग गर्न पत्राचार गर्ने।

१.४ कर्णाली प्रदेश भित्रका सबै स्थानीय तह र जिल्लास्थित सामाजिक विकास कार्यालयसँग वादी समुदाय विद्यमान अवस्थाको वर्गीकृत तंथ्याक संकलनका लागि तंथ्याक संकलन ढाँचा विकास गरी सबै स्थानीय तह र जिल्लास्थित सामाजिक विकास कार्यालयसँग तंथ्याक माग गर्ने निर्णय गरियो।

२. वादी समुदायको वर्गीकृत तंथ्याक समावेश गरिएको पाश्वर्चित्र निर्माणका लागी लागत अनुमान प्रस्ताव तयार गरि पेश गर्न र सो को लागि आवश्यक बन्दोबस्ती व्यवस्थापनका लागि वादी समुदायको उत्थान र विकासमा क्रियाशिल गैरसरकारी संघ अनुरोध गर्ने निर्णय गरियो ।

३. वादी समुदायको उत्थान र विकासका लागी वादी विकास बोर्ड गठन गर्ने सम्बन्धमा अवधारणा पत्र पेश गर्न कार्यदलका सदस्य हिम्मत वादी र सुनिता नेपाली लाई जिम्मेवारी दिने र सो कार्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयका शाखा अधिकृत, सरस्वती सापकोटाले सहयोग गर्ने निर्णय गरियो।

४. वादी समुदायको सामाजिक विकासका क्षेत्रमा के- कस्ता कार्य गर्न सकिन्छ भन्ने सन्दर्भमा अवधारणा पत्र निर्माणका लागि कार्यदलका सदस्य-सचिव सुनिता के.सी र सदस्य हिक्मत वादी तथा आर्थिक विकासका क्षेत्रमा के- कस्ता कार्य गर्न सकिन्छ भन्ने सन्दर्भमा अवधारणा पत्र निर्माणका लागि कार्यदलका सदस्य राजु भुजु र सदस्य सुनिता नेपालीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

५. वादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन पेश गर्न गठित कार्यदलको प्रतिवेदन लेखन लगायत अन्य सन्दर्भ सामाग्रीहरुको खोज, संकलन तथा अध्ययन गर्ने कार्यमा सहयोग पुर्याउन आवश्यक जनशक्ति लुथरन वर्ल्ड फेडरेसन नेपाल र अन्य बन्दोबस्ती व्यवस्थापनको लागि आवश्यक सहयोगका लागि दलित गैरसरकारी संघ/महासंघलाई पत्राचार गर्ने निर्णय गरियो ।

समय : ५:१५ बजे

Page No.

Date

आज मिति २०६९/०५/०१ गतेका दिन मुख्य मन्त्री तथा मन्त्रिपरिषद्‌को हलमा बादी समुदायको उत्थान र विकासका लागी प्रतिवेदन पेश गर्न गठित कार्यदलका संयोजक मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव श्री आनन्द साकु ज्यू को अध्यक्षता र तपसिलको उपस्थितीमा बैठक बसी निम्नानुसार का विषयमा छलफल तथा निर्णय गरियो ।

उपस्थिती

| | | |
|---|---|---|
| संयोजक | श्री आनन्द साकु - सचिव - मुख्य मन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | |
| सदस्य | श्री सुमित्रा नेपाली - भेरीगंगा ४, सुर्खेत | |
| सदस्य | श्री हिम्मत बहादुर नेपाली बादी | |
| सदस्य सचिव | श्री सुमित्रा के.सी. - अधिकृत आठौं सामाजिक विकास मन्त्रालय | |

आमन्त्रित

श्री अमिता अवाले - अधिकृत आठौं - सामाजिक विकास मन्त्रालय

| | | |
|---|---|---|
| Rima das Pradhan - Bloch, Team Leader, EUSIF | | Pradhan Bloch |
| Gopal Nepali | Researcher | |
| Ujjwal Sundas | Researcher | |
| Dipak Badi | (BCFN-ED) | |
| Shengsijlu Thapa | UNDP-EUSIF | |
| [illegible] | UNDP-EUSIF | |

निर्णयहरु :-

कर्णाली प्रदेशका विभिन्न स्थानमा रहेका बादी समुदाय सँग लक्षित समूह छलफल (FGD) गर्नका लागी EUSIF ले आर्थिक तथा प्राविधिक

Page No.
Date

सहयोग गर्ने निर्णय गरियो ।

② बादी समुदायको उत्थान र विकासका लागी प्रतिवेदन तयारीका लागी प्राविधिक सहयोग, का लागी लुथरन वर्ल्ड फेडरेसन नेपालको तर्फबाट गोपाल नेपाली ले गर्ने निर्णय गरियो ।

समय : बिहान ८:०० बजे

Page No.

Date

आज मिति २०८१।०५।०६ गतेका दिन बादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन पेश गर्न गठित कार्यदलका संयोजक श्री आनन्द साह ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बैठक बसी तपसिलको निर्णयहरू गरियो ।

उपस्थिति

संयोजक – श्री आनन्द साह – मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सदस्य – श्री राजु भुज – भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सदस्य – श्री सुनिता नेपाली – भेरीगंगा-४, सुर्खेत

सदस्य – श्री हिम्मत बहादुर बादी – दैलेख

सदस्य सचिव – श्री सुनिता केसी – सामाजिक विकास मन्त्रालय

आमन्त्रित – श्री अनिता ज्ञवाली – सामाजिक विकास मन्त्रालय

– श्री सरस्वती सापकोटा – मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

– श्री गोपाल नेपाली – अध्यक्ष

अनलाइन उपस्थिति – श्री रिमा दास प्रधान – EUSIF

" – श्री प्रज्ञा बस्याल

" – श्री [illegible] शेर्पा

वादी समुदायको सामाजिक, सांस्कृतिक, रोजगारी, शैक्षिक तथा आर्थिक लगायतको अवस्था अध्ययनका लागी वादी समुदायसँगको अन्तरक्रिया कार्यक्रम तपसिलको योजना बमोजिम सम्पन्न निर्णय गरियो ।

| क्र स | जिल्ला | मिति | कार्यक्रममा संलग्न जाने पदाधिकारी | बन्दोबस्तीका सहयोग गर्नु पर्ने पदाधिकारी | सहभागिलाई गर्नु पर्ने सहयोग | स्थान |
|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | २०७९/०५/०९ | सचिव श्री आन्नद सारु,श्री सरस्वती सापकोटा श्री सुनिता के सी, श्री हिक्मत वादी, श्री सुनिता वादी श्री गोपाल नेपाली | कार्यदलको सदस्य सहित मन्त्रालयका प्रतिनिधि ५ जना | पदाधिकारी सहित सहभागिलाई खाजा र यातायात खर्च ४० जनाका | भेरीगगा न पा १० मदानीचौर |
| २ | सुर्खेत | २०७९/०६/२ | सचिव श्री आन्नद सारु,श्री सरस्वती सापकोटा श्री सुनिता के सी, श्री हिक्मत वादी, श्री सुनिता वादी श्री गोपाल नेपाली, श्री राजु भुज | कार्यदलको सदस्य सहित मन्त्रालयका प्रतिनिधि ५ जना | पदाधिकारी सहित सहभागिलाई खाजा र यातायात खर्च ४० जनाका दरले | सिम्ता गा पा |
| ३ | जाजरकोट | २०७९/०५/१९-२२ | सचिव श्री आन्नद सारु, श्री सरस्वती सापकोटा, श्री सुनिता के सी, श्री हिक्मत वादी, श्री सुनिता वादी श्री गोपाल नेपाली, श्री राजु भुज | कार्यदलको सदस्य सहित मन्त्रालयका प्रतिनिधि ५ जना | पदाधिकारी सहित सहभागिलाई खाजा र यातायात खर्च दुई स्थानमा गरि ७० जना | जाजरकोट भेरीनगरपालिका राउत वस्ती |
| ४ | दैलेख | २०७९/०५/२०-२१ | सचिव श्री आन्नद सारु, श्री अनिता ज्ञवाली, श्री हिक्मत वादी, श्री गोपाल नेपाली, श्री सरस्वती सापकोटा, श्री राजु भुज लगायतको टिम | कार्यदलको सदस्य सहित मन्त्रालयका प्रतिनिधि ५ जना | पदाधिकारी सहित सहभागिलाई खाजा र यातायात खर्च ४० जनाका दरले | दुल्लु नगरपालिका र नारायण नगरपालिका |
| ५ | सल्यान | २०७९/०५/३१ | श्री अनिता ज्ञवाली, श्री सुनिता वादी, श्री गोपाल नेपाली श्री सरस्वती सापकोटा, श्री राजु भुज लगातयको टिम | कार्यदलको सदस्य सहित मन्त्रालयका प्रतिनिधि ५ जना | पदाधिकारी सहित सहभागिलाई खाजा र यातायात खर्च ४० जनाका दरले | शारदा न पा |
| ६ | रुकुम पश्चिम | २०७९/०६/०१ | श्री अनिता ज्ञवाली, श्री हिक्मत वादी, श्री गोपाल नेपाली, श्री सरस्वती सापकोटा, श्री राजु भुज लगातय मन्त्रालयको टिम | कार्यदलको सदस्य सहित मन्त्रालयका प्रतिनिधि ५ जना | पदाधिकारी सहित सहभागिलाई खाजा र यातायात खर्च २५ जनाका दरले | चौरजहारी न पा |
| ७ | कालिकोट | २०७९/०५/२२-२३ | श्री अनिता ज्ञवाली, श्री सुनिता वादी, श्री गोपाल नेपाली श्री सरस्वती सापकोटा, श्री राजु भुज लगातयको टिम | कार्यदलको सदस्य सहित मन्त्रालयका प्रतिनिधि ५ जना | पदाधिकारी सहित सहभागिलाई खाजा र यातायात खर्च २५ जनाका दरले | खाडाँचक्र न पा |

समय: साँझ ४:४५ बजे

Page No.

Date

आज मिति २०६९/०५/२८ गते दिन बादी समुदायको उत्थान र विकासका लागी प्रतिवेदन पेश गर्न गठित कार्यदलका संयोजक श्री आनन्दसारु ज्यूको संयोजकत्व मा तपसिलको उपस्थितीमा बैठक बसि तपसिलको निर्णयहरू गरीयो ।

उपस्थिती

संयोजक - श्री आनन्दसारु - मुख्यमन्त्रि तथा मन्त्रिपरिषद को कार्यालय

सदस्य - श्री राजु भुजेल - भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सदस्य - श्री सुनिता नेपाली - मैत्रीगंगा - ४, सुर्खेत

सदस्य - श्री हिम्मत बादी - दैलेख

सदस्य-सचिव - श्री सुनिता के.सी. - सामाजिक विकास मन्त्रालय

आमन्त्रीत

श्री सरस्वती खापकोटा - मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय

श्री अर्जुन पौडेल - मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय

श्री छिरिङ युडिन शेर्पा - UNDP / EUSIF

श्री साग्रिला थापा - UNDP / EUSIF

निर्णय नं. १ -

बादी समुदायको अध्ययन र अवस्था अवलोकनका लागी तय गरिएको सम्पूर्ण क्षेत्र भ्रमण कार्यक्रमको समिक्षा गरियो ।

निर्णय नं. २ -

बादी समुदायको आर्थिक तथा सामाजिक विकासका लागी तयार गरिने प्रतिवेदनको खाका तयारी गरियो ।

मिति :-
समय :- बिहान ८:००
Page No.
स्थान - मुख्यमन्त्रीको कार्यालय
Date

आज मिति २०६५।०५।०८ गते का दिन बादी समुदायको उत्थान र विकासका लागी प्रतिवेदन पेश गर्न गठित कार्यदलका संयोजक श्री आनन्द साह ज्यूको संयोजकत्वमा तपसिलको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

संयोजक - श्री आनन्द साह - मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सदस्य - श्री राजु गुरुङ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सदस्य - श्री हिम्मत बादी - दैलेख
सदस्य - श्री सुमिता नेपाली - सुर्खेत, भेरी
सदस्य सचिव - श्री सुमित्रा के.सी. - सामाजिक विकास मन्त्रालय

आमन्त्रित :- ~~सरस्वती सापकोटा~~
:- सरस्वती सापकोटा - मुख्यमन्त्री तथा मन्त्रिपरिषदको का.
- अनिता ज्ञवाली - सामाजीक विकास मन्त्रालय

निर्णयहरु
१- कर्णाली प्रदेशका विभिन्न स्थानमा गरिएको अन्तरक्रिया बाट बादी समुदायको आर्थिक, सामाजीक अवस्था र उनीहरुको विकास र उत्थानका लागी आगामी दिनमा संचालन गर्न सकिने क्रियाकलापको प्रारम्भीक अवस्था पहिचान गर्ने कार्य सम्पन्न भईसकेको र सो कार्य लाई प्रतिवेदनको ढाँचामा लैजाने कार्य शुरु भै सकेको तर अन्य स्थान मा समेत गै अध्ययन गर्ने कार्य बाकी नै रहेको साथै प्रतिवेदन को पर्याप्त बिश्लेषण गर्ने कार्य समेत बाकी भएकाले मिति २०६५।०६।१५ गते भित्र ~~सो~~ बिस्तृत प्रतिवेदन पेश गर्न नसकिने भएकाले प्रतिवेदन पेश गर्ने कि

समस्या बारे थप गर्न अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०७१/०७/१८ गतेका दिन बादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन पेश गर्न गठित कार्यदलका संयोजक श्री आनन्द सारु ज्यूको संयोजकत्व मा तपसिलको उपस्थितिमा बैठक बसि तपसिलको निर्णय-हरु गरियो ।

उपस्थिति

संयोजक - आनन्द सारु - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सदस्य - श्री राजु मुन - भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सदस्य - श्री हिम्मत बादी - कैलेरी

सदस्य - श्री सुमित्रा नेपाली - भेरीगंगा -४, सुर्खेत

सदस्य सचिव - श्री सुमित्रा के.सी. - सामाजिक विकास मन्त्रालय

आमन्त्रित -

श्री सरस्वती सापकोटा - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

श्री अर्जुन पौडेल - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

निर्णय नं -१-

- कर्णाली प्रदेशका विभिन्न स्थानमा रहेका बादी समुदाय सँग सम्बन्धित समूह छलफल (FGD) का लागि बन्दोबस्तो व्यवस्थापनमा सहयोग गर्ने EUSIF र प्रतिवेदन तयारीमा सहयोग गर्ने लुथरन वर्ल्ड फेडेरेशन लाई धन्यवाद पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. -२-

बादी समुदायको उत्थान र विकासका लागि आगामी दिनमा गर्न सकिने क्रियाकलाप सहितको मस्यौदा प्रतिवेदन लाई सरोकारवालाको सुझाव र संलग्नता

समय: बिहान ८ बजे,

Page No.

Date

आज मिति २०७५।०६।२४। गतेका दिन बादी समुदायको उत्थान र विकासका लागि प्रतिवेदन पेश गर्न गठित कार्यदलका संयोजक श्री आनन्द साउद (मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, कर्णाली प्रदेश) ज्यूको संयोजकत्वमा बैठक बसी तपसिलको निर्णय गरियो

उपस्थिति

श्री आनन्द साउद - मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश

श्री साधुजुग - भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

श्री हिम्मत बादी - दैलेख

श्री सुमित्रा थापाली - सुर्खेत

श्री सुमित्रा के.सी. - सामाजिक विकास मन्त्रालय

आमन्त्रित

श्री सरस्वती खाकुरेल - मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

निर्णयहरु

१- बादी समुदायको उत्थान र विकासका लागि आगामी दिनमा कर्णाली प्रदेश सरकार लगायत अन्य सम्बद्ध सरोकारवाला निकाय द्वारा सम्पादन गर्न सकिने क्रियाकलाप सहितको प्रतिवेदन तयार गरी कर्णाली प्रदेश सरकारका माननीय मुख्य मन्त्री ज्यू समक्ष पेश गर्ने निर्णय गरियो







## फोटोहरु

*१. माननीय मुख्यमन्त्री जीवनबहादुर शाही समक्ष प्रतिवेदन बुझाउदै कार्यदलका सदस्यहरु*

*२. प्रतिवेदनको दस्तावेज माथिको छलफलका सहभागीहरु*

*३. खाँडाचक्र नगरपालिका प्रमुख कमल बहादुर शाहीसंग छलफल*

*४. सल्यानका वादी समुदायका सदस्यहरुसंगको छलफल*

*५. समुदायका सदस्यहरुसंग छलफल गर्दै अध्ययन टोली, छिन्चु, सुर्खेत*

*६. कालिकोट वादी समुदायका सदस्यहरुसंग छलफल*




४


५


६

## प्रश्नावली

**क. स्थानीय वादी समुदायसँगको अन्तरक्रिया (Focus Group Discussion)**

१. वादी समुदायको उत्पत्ति र क्षेत्रको संरक्षणः

- बसाइँसराइको इतिहास
- बस्तीको इतिहास
- पुर्ख्यौली थातथलो/मौलिक क्षेत्र र नयाँ ठाउँलाई वादीहरुले कसरी परिभाषित गर्दछन ?
- आफ्ना पुर्खा देवी-देवताको पूजा गर्न कहाँ जानुपर्छ ?
- तपाईंको पुख्यौली थालो/स्थानबाट बसाई सर्नुको कारण/प्रभाव पार्ने कारकहरू के थिए ?

२. **सार्वजनिक सेवाहरूमा पहुँच**

- चौतारा, चिया पसल, मन्दिर, हटिया, सार्वजनिक खानेपानीका स्रोत, विद्यालय, सरकारी निकायहरूमा सहज पहुँच छ वा छैन ?
- अन्य मानिसहरूले तपाईंहरू (वादी) लाई सार्वजनिक स्थानहरूमा कस्तो व्यवहार गर्छन् ?
- सार्वजनिक सेवामा वादीहरूको प्रतिनिधित्व कस्तो रहेको छ ?
- तपाईंले स्थानीय सरकारबाट के कस्ता प्रकारका सेवाहरू प्राप्त गर्नुहुन्छ ?

३. **तपाईंले वडा/स्थानीय सरकारबाट प्राप्त गर्नु भएको अन्य सेवाहरू केही छन् ?**

- क्षमता विकास तालिम
- सिपमा आधारित तालिम
- कोष
- योजना
- खाद्य सुरक्षा कार्यक्रम

४. **के तपाईं वा तपाईंको समुदायको कोही प्रतिनिधिले स्थानीय सरकारको योजना प्रक्रियामा संलग्न वा प्रतिनिधित्त्व गर्नु भएको छ? छ भने व्याख्या गर्नुहोस?**

५. **तपाईंको समुदायको सामाजिक–आर्थिक अवस्था उकास्नको लागि स्थानीय सरकारले कुनै विशेष कार्यक्रम सञ्चालन गरेको छ?**

६. **तपाई विभिन्न प्रकारका सेवाहरू प्राप्त गर्न स्थानीय सरकार अन्तर्गतका कार्यालयहरूमा जाँदा सेवा प्रदायकले तपाईंलाई कस्तो व्यवहार गर्नुहुन्छ?**

७. **(वादी महिला भएकै कारण) तपाईंले सार्वजनिक सेवा प्राप्त गर्न जादा के–कस्ता चुनौतीहरू सामना गर्नुभएको छ?**

चुनौतीका क्षेत्रहरूः पानी, स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार

- प्रशासनिक तहमा देखा परेका चुनौतिहरूः
- मनोवृत्तिको स्तरमा देखा परेका चुनौतिहरूः

८. **तपाईंको लागि गुणस्तरीय जीवन र गुणस्तरीय सेवाको परिभाषा के हो ?**

- निम्न आधारभूत सेवा प्रवाह (Basic Service Delivery) का क्षेत्रहरूमा सुधार ल्याउन तपाईंको सुझावहरू के-के छन् ?
- पूर्वाधार विकास अन्तर्गत सेवा प्रवाह

- सामाजिक विकास अन्तर्गत सेवा प्रवाह
- आर्थिक विकास अन्तर्ग सेवा प्रवाह
- वन, वातावरण र विपद् जोखिम न्यूनीकरण व्यवस्थापन अन्तर्गत सेवा प्रवाह

**९. तपाईं/तपाईंको समुदायको उत्थान र विकासका लागि सामाजिक रूपमा सशक्त बनाउन सरकारी स्तरबाट कस्तो प्रकारको सहयोगको अपेक्षा गर्नुहुन्छ?**

**१०. वार्षिक योजना तर्जुमाको लागि तपाईं/तपाईंको समुदायलाई आमन्त्रण/अभिमुखीकरण गर्ने गरिएको छ?**

**११. सरकारी नीति, सेवा, योजना, कार्यक्रम सम्बन्धी जानकारी कसरी पाउनु हुन्छ ?**

**१२. तपाईं/तपाईंको समुदायले स्थानीय सरकारको कुनै निर्णय समितिमा प्रतिनिधित्व गर्नुभएको छ?**

**१३. आधारभूत सेवासँग सम्बन्धित कुनै समस्याहरूको लागि कहिलै सेवा प्रदायकहरूलाई सम्पर्क गर्नुभएको छ ? यदि छ भने, कसरी ?**

**१४. के तपाईंका गुनासोहरू समयमै र उचित रूपमा सम्बोधन गरिएका छन् ?**

**१५. वादी समुदायका महिला/केटीहरूका लागि वडा/स्थानीय सरकारद्वारा लागु गरिएका राम्रा/नवीनतम नीति/योजना/कार्यक्रमहरू के–के छन् ?**

**१६. सम्मानित जीवन र जीविकोपार्जनका तपाईका अपेक्षा**

- तपाईंलाई विभिन्न अपमानजनक शब्दले परिचत गर्दा कस्तो लाग्छ ?
- आफ्नो समाजबाट बाहिर जाँदा तपाईंलाई कस्तो लाग्छ ?
- समाजबाट के अपेक्षा गर्नुहुन्छ ?
- जमिन, वन, जलस्रोत, चरन क्षेत्र आदिमा पहुँच र नियन्त्रणको स्वामित्त्वको व्यवस्था कस्तो छ ?
- तपाईंको परिवारको आम्दानीको स्रोत के हो ?
- जीविकोपार्जनको लागि आम्दानीका स्रोतहरू (प्रकारहरू) पर्याप्त छन् ?
- समाजका अन्य उच्च वर्ग र तपाईंको समुदायबीचको सम्बन्ध कस्तो छ ?
- आफ्नो समाजको महिला भएर तपाईंलाई कस्तो लाग्छ ?
- महिला विरुद्ध हुने हिंसा, यौनशोषण, जातीय विभेद र त्यसको असर लगायतकाको अवस्था
- उपभोक्ता समितिहरूमा वादी समुदायको सहभागिता/प्रतिनिधित्व
- जन्म दर्ता, विवाह दर्ता, नागरिकता प्रमाणपत्र प्राप्तिमा समस्या छ वा छैन् ? छ भने कस्तो किसिमको छ ?

**१७. जग्गा वितरण/पुनर्स्थापना**

- आफ्नै जग्गा छ ?
- खेती गर्न पर्याप्त जमिन छ ?
- पशुपालन गर्नु भएको छ?
- कस्तो प्रकारको पुनर्स्थापना/पुनर्वास को अपेक्षा ?
- पुनर्स्थापना/पुनर्वासको लागी चाहिने चीज-वस्तुहरूको मात्रा के कति ?
- जग्गा वितरण प्रक्रियामा संलग्नता कस्तो छ ?

**१८. आर्यआर्जनको अवस्था**

- तपाईंको विचारमा वादी समुदायको आर्थिक-सामाजिक उत्थान र विकासको लागि के-कस्ता कदम चाल्नुपर्ला?
- आफ्नो समुदायको सामाजिक र आर्थिक अवस्था सुधार गर्न सरकारलाई के भन्न चाहनुहुन्छ ?

**१९. परम्परागत पेसा र आर्थिक सशक्तिकरण**

- जीविकोपार्जनका परम्परागत पेसा के के हुन् ?
- के यी अझै पनि जीविकोपार्जनका प्रमुख स्रोतको रुपमा रहेका छन्? यदि परिवर्तन भएका छन् भने, वर्तमान अवस्थामा जीविकोपार्जनका रणनीतिहरूको प्रचलित स्वरुपहरू के हुन् ?
- वर्तमान अवस्थामा परम्परागत पेसाः स्थिति, चुनौती र अवसरहरू के के देख्नुहुन्छ ?
- कृषि कार्य र अन्य गतिविधिहरूका लागि मानिसहरूले श्रमको व्यवस्थापन कसरी गर्छन्ः ज्याला, पारस्परिकता, श्रमिक समूह, स्व-सहायता समूह, निःशुल्क श्रम/अर्धबन्धक श्रम (वा बन्धक मजदुरहरू) र अन्य ?
- सामग्रीको आदानप्रदान (खाद्य अनाज वा अन्य कुनै उत्पादनहरू, जस्तै उपहार वस्तुहरू) को-को बीचमा हुन्छ ? के आदानप्रदान गरिएका सामग्रीहरूको मूल्य बराबर छन्? यस प्रक्रियामा संलग्न कुनै अन्य श्रम वा अन्य दायित्वहरू छन्?
- परम्परागत बचत तथा ऋण समूहहरू आफूलाई आवश्यक परेको पैसा कहाँबाट कसरी खोज्नु हुन्छ ? साहुमहाजन वा वित्तीय संस्था?

## ख. स्थानीय निकायका जनप्रतिनिधीसँग गरिएको छलफलका विषयहरू

१. यस क्षेत्रका वादी समुदायको स्थिति/अवस्था
२. यी क्षेत्रमा वादीको जनसङ्ख्या, आर्थिक अवस्था
३. वादीहरूको माग
४. वादी समुदायका लागि सरकारले के गर्नुपर्छ ?
५. वादी समुदायका लागि योजना र बजेट के हुन सक्छ ?
६. वादी समुदायको पहुँचको सन्दर्भमा प्रमुख मागहरूः
   - पूर्वाधार विकास अन्तर्गत सेवा प्रवाह
   - सामाजिक विकास अन्तर्गत सेवा प्रवाह
   - आर्थिक विकास अन्तर्गत सेवा प्रवाह
   - वन, वातावरण र विपद् जोखिम न्यूनीकरण व्यवस्थापन (DRRM) अन्तर्गत सेवा प्रवाह


७. वादी समुदायको लागि स्थानीय सरकारले विशिष्ट नीति, योजना वा कार्यक्रम सञ्चालन गरेको छ वा छैन ?
८. वार्षिक योजना तर्जुमा प्रक्रिया, अनुगमन र संयुक्त निर्णय प्रक्रियामा वादी समुदायको सहभागिताको अवस्था कस्तो छ ?
९. वादी समुदायको आर्थिक सामाजिक उत्थानको लागि के-कस्ता कदम चाल्नुपर्ला ? वादी समुदायको वर्तमान समस्या कसरी समाधान हुनसक्छ ?

## समूह छलफलबाट प्राप्त सुझावहरू

| जिल्ला- स्थानीय तह | छलफलको क्रममा आएका केही भनाइहरू |
|---|---|
| छिन्चु, भेरीगंगा नगरपालिका, सुर्खेत | *"हामी वादी भएको थाहा भए पछि उनीहरूले हाम्रो कामलाई कम प्राथामिकतामा राखे । हाम्रो काम गर्न धेरै समय लगाउने, कहिले सानो कामको लागि दश दिन पनि लगाएको अवस्था छ र हामीलाई हेर्ने नजर र बोलाइ पनि हेपाहा प्रवृतिको हुने गरेको छ। मेरो छोरालाई विद्यालयको प्राध्यापकबाट विभेद हुने गरेको रैछ। वादीहरूले धेरै बच्चा जन्माउने र हामी उनीहरूको बच्चाको जिम्मा लिन सक्दैनौ भन्ने गरिएको रहेछ।"* - अन्जु वादी |
| राउत गाँउ, भेरी नगरपालिका, जाजरकोट | *"हामीले हाम्रो समस्या र आवश्यकता अनुसार प्रस्तावहरू बनाएर पालिकामा पेस गर्दा हाम्रो प्रस्तावहरू छनौट नै नगरिएको स्थिति छ। योजना तर्जुमाको समयमा पनि हामीहरूसित कहिल्यै छलफल गर्न आउनु हुन्न् उहाँहरू।"* - शर्मिला वादी<br><br>अर्की महिला सहभागी - *"मेरो बहिनीको उनको श्रीमानूसँग छोडपत्र भैसकेको छ र उसको एक छोरी छ। छोरीको नागरिकता बनाउनको लागि सबै कागजात पुरा गरेर जाँदा पनि अधिकारीलाई उ वादी भएको थाहा भए पछि नागरिकता बनाउने कार्य नै रोक्दिनु भयो र नयाँ अधिकारी आए पछि मात्र नागरिकता बन्यो।"*<br><br>एक सहभागी - *"हामी वादीले दुध दही खायो भने ठूलो जातको मान्छेलाई देउता लाग्छ भनेर गाउँमा दुध समेत खान्न दिइदैन।"* |
| नारायण नगरपालिका, दैलेख | एक महिला सहभागी - *"हामी चुनावको बेलामा मात्र प्रयोग हुने त्यस पछि हामीलाई बेवास्ता गरिन्छ। दलितको नाममा बजेट विनियोजन हुन्छ तर गैरदलितहरूले लिने गरेको छ। त्यसैले हाम्रो लागि छुटै बजेट हुनु पर्छ र आरक्षणको पनि व्यवस्था गर्नु पर्छ।"* |
| तल्लोडुङगेश्वर, दुल्लु नगरपालिका, दैलेख | एक पुरुष सहभागी - *"म तरकारी खेति गरी आफ्नो आय वृद्धि गर्न चाहन्छु तर म सँग कुनै जग्गा नभएकोले केही गर्न नसक्ने अवस्थामा छु जस्ले गर्दा भारत गई ज्याला मजदुरी गर्न बाध्य छु। केही बालबालिकाहरू आमाबुवा पैसा कमाउन भारत गएको हुँदा आफै खाने-बस्ने व्यवस्था गर्नु परेकोले समयमा विद्यालय जान, पठनपाठको सामाग्री र पोशाकको व्यवस्था गर्न नसकेर शिक्षाबाट बञ्चित छन्।"* |
| खाडाचक्र नगरपालिका, कालिकोट | युवा महिला सहभागी - *"म होटेलमा काम गर्छु। म वादी हो भन्ने थाहा भएपछि होटेलमा आउने ग्राहकहरूले मलाई नराम्रो नजरले हेर्ने गरेको अनुभव गरेकी छु।"*<br><br>एक ज्येष्ठ महिला सहभागी - *"म आफ्नो गुजारा गर्न गिटी कुट्ने काम गर्छ' । छोरीलाई पढाउन नसकेर मैले चिनेको आफन्त मार्फत काठमाण्डौंमा कसैको घरमा लगेर पढाउने कुरा भयो । पठाएको केही समय पछि मलाई छोरीले फोनबाट घर फर्किन्छु भन्न थाली। उसलाई फर्काउने प्रयास गर्दै गर्दा मेरो १३ वर्षको छोरीलाई घर मालिकले बलात्कार गर्यो र म अहिले मुद्दा लडिरहेको छु। मेरो आर्थिक अवस्था अति कमजोर भएको कारण त्यो मुद्दा पनि यसै छ। हामी गरिबलाई न्याय छ र ? कमजोर आयस्तर र शिक्षाको पहुँचमा कमी हुँदा हाम्रो समुदायका बालिका सुरक्षित छैन्।"* |
| चौरजहरी, रुकुम पश्चिम | *"पहिले त हामी वादीले पेटभरि खाना पाउनु पर्यो त्यस पछि मात्र अरु आवश्यकता पुरा हुनु पर्छ। गाँस, वास, कपास पहिलो अवश्यकता हो। त्यसकै लागि मैले मेरो १५ वर्षको छोरालाई मजदुरी गर्न भारतमा पठाउन बाध्य छु।"* - कल्पना वादी |
| शान्तिनगर, शारदा नगरपालिका, सल्यान | एक ज्येष्ठ महिला सहभागी - *"हाम्रो समुदायको मान्छेको घर बैंकमा धितो राखी ऋण लिएर छोरीलाई पढाउँदै छु र म त्यो ऋण तिर्नको निम्ति खोलाको बालुवा निकाल्ने काम गर्छ' । अबको समय भनेको शिक्षाको हो भन्ने कुरा हामी र हाम्रो समुदायलाई थाहा छ। त्यसैले शिक्षामा काम गर्ने सङ्घसंस्था जस्तै सेभ द चिल्ड्रेन, युनिसेफ, केयर, प्लान इन्टरनेशनलहरूले हाम्रो समुदायलाई पनि समेटेर लैजानु पर्छ। सहज र स्तरीय शिक्षा प्राप्त हुन सके मात्र हाम्रो समुदाय अन्य समूह संग शिर उठाएर हिड्न सक्छ नत्र कहिले पनि हाम्रो प्रगति हुन्न्।"*<br><br>अर्की महिला सहभागी - *"यस शान्तिनगरका वादी महिला अरु तिरका वादी महिला भन्दा अलिक सशक्त छौं जस्तो लाग्छ। कसैको घरमा केही हिंसाहरू भयो भने हामी सहन्नौ र त्यसलाई मिलेर समाधान गर्छौ।"* |

## छलफलमा भएको सहभागीहरूको खण्डीकृत तथ्याङ्क

| जिल्ला | स्थान | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| सुर्खेत | छिन्चु, भेरीगंगा नगरपालिका | १८ | १० | २८ |
| जाजरकोट | राउत गाँउ, भेरी नगरपालिका | २६ | २२ | ४८ |
| दैलेख | नमुना बस्ती, नारायण नगरपालिका | २८ | २ | ३० |
| दैलेख | तल्लो डुङ्गेश्वर, दुल्लु नगरपालिका | १९ | ७ | २६ |
| कालिकोट | खाडाचक्र नगरपालिका | ८ | ५ | १३ |
| रुकुम पश्चिम | चौरजहारी नगरपालिका | १७ | १८ | ३५ |
| सल्यान | शान्ति बस्ती, शारदा नगरपालिका | २४ | ७ | ३१ |
| दाङ | घोराही | १५ | १० | २५ |
| दाङ | तुल्सीपुर | १३ | २ | १५ |
| कैलाली | लाम्किचुहा नगरपालिका | १ | | १ |
| सुर्खेत (अन्तरक्रिया) | सिद्धार्थ होटल | | | ४७ |
| | जम्मा | | | २९९ |




## छलफलमा भएको वादी समुदायका घरधुरीको खण्डीकृत तथ्याङ्क

| जिल्ला | स्थान | घरधुरी संख्या |
|---|---|---|
| सुर्खेत | छिन्चु, भेरीगंगा नगरपालिका | १८ |
| जाजरकोट | राउत गाँउ, भेरी नगरपालिका | ५०-६० |
| दैलेख | नमुना बस्ती, नारायण नगरपालिका | ६५ (४५ बादीको मात्र) |
| दैलेख | तल्लो डुङ्गेश्वर, दुल्लु नगरपालिका | ३३ |
| कालिकोट | खाडाचक्र, नगरपालिका | १४ |
| रुकुम पश्चिम | चौरजहारी नगरपालिका | ३०० |
| सल्यान | शान्ति बस्ती, शारदा नगरपालिका | ३६ |
| दाङ | घोराही | ६५ |
| दाङ | तुल्सीपुर | ६० |
| कैलाली | लाम्किचुहा नगरपालिका | १३० |

## सन्दर्भ सामाग्री सूची


आचार्य, बलराम (२०६२) नेपाली समाज र साँस्कृतिका उपागमहरू, काठमाडौं, सनलाइट प्रकाशन

आचार्य, बलराम नेपालको इतिहास

आहुति, (२०६२) नेपाल वर्णव्यवस्था र वर्ग सङ्घर्ष

आहुति, दलित भूमिहिनता र संविधान कार्यान्वयनको सवाल

कक्स, थ. (२०००), The Intended and Unintended Consequences of AIDS Prevention, हिमालय प्रकाशन

किसान, य(२०७३), नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण

केशब, ग. न. (२०७६ ), वादी समुदायको पहिचान र अवस्था

केन्द्रीय तथ्याकं विभाग, (२०६८) राष्ट्रिय जनगणना, काठमाडौं

गोपाल नेपाली, क. न. (२०७६), वादी समुदायको पहिचान र अवस्था

नेपाली, ग. (२०७७, पौष २५ शनिबार), वादी आवाज : इतिहास हरण गरी 'देहव्यापारी' बनाइयो

नेपाली, ग. न, (२०७६), वादी समुदायको पहिचान र अवस्था, कमिट नेपाल

मजगैया, उ, (२०५६), अपराजिता

यम किसान, ग. न. (२०१४), Badi of Nepal

प्राविधिक सहयोग

यूएनडीपी/युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना